"सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवम् बैंकिङ्ग कारोवारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक"

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता SAHAKARITA

द्वैमासिक

वर्ष ९ अंक ३६, माघ-फाल्गुण, २०७९ www.ncbl.coop 15 January 2023-14 March 2023

# अक्कू फोरम २०२३ नेपालमा हुँदै



काठमाडौं । एसियाली ऋण महासंघ (अक्कू) फोरम २०२३ नेपालमा गर्न राष्ट्रिय सहकारी बैंक र अक्कू बिच सम्झौता भएको छ। माघ १६ गते एक समारोहबिच राष्ट्रिय सहकारी बैंक लिमिटेडका अध्यक्ष के.बी.उप्रेती, प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईं र एसियाली ऋण महासंघकी प्रमुख कार्यकारी अधिकृत एलिनिता भि स्यान रोक्के बिच फोरम आयोजना गर्न सम्झौता पत्रमा हस्ताक्षर भएको छ।

कार्यक्रम एसियाली ऋण महासंघ (अक्कू) को आयोजना तथा राष्ट्रिय सहकारी बैंक र बचत तथा ऋण सहकारी संस्थाहरुको छाता सङ्गठन नेफ्स्कूनको सह-आयोजनामा सन २०२३ को सेप्टेम्बर ११ देखि १७ सम्म काठमाडौंमा हुने छ। फोरममा २५ भन्दा बढी विदेशी राष्ट्रबाट ३०० जना र नेपालबाट १०० जना गरी ४०० जना सहकारीकर्मीहरुको सहभागितामा हुने कार्यक्रममा एसियाली ऋण महासंघको ४२औं साधारण..... (बाँकी पृष्ठ ३ मा)

# राष्ट्रिय सहकारी बैंकका सञ्चालकहरूको जिम्मेवारी तोकियो




ललितपुर। राष्ट्रिय सहकारी बैंक लिमिटेडको १९ औं वार्षिक साधारणसभाबाट निर्वाचित सञ्चालक समितिका सदस्यहरुको जिम्मेवारी तोकिएको छ। बैंकको माघ २९ गते सम्पन्न वैठकले सञ्चालकहरुलाई विभिन्न १० वटा उप-समिति र प्रदेश संयोजकको जिम्मेवारी तोकेको हो। बैंकको कामलाई प्रभावकारी रुपमा सम्पन्न गर्नका लागि विभिन्न उप समितिहरु गठन गरिदै आएको छ, केन्द्रीय उप-समितिको संयोजक बैकका सञ्चालकहरु रहने र सदस्यहरुमा सञ्चालक सहित बैंकका सदस्य संघ संस्थाका प्रतिनिधिहरु रहने व्यवस्था गरिएको बैंकका अध्यक्ष के.बी.उप्रेतीले जानकारी दिनुभयो। सहकारी विभाग र नेपाल राष्ट्र बैंकबाट समिति/उप-समिति गठन सम्बन्धि निर्देशन, ..... (बाँकी पृष्ठ २७ मा)

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता

## सल्लाहकार

के.बी. उप्रेती
लक्ष्मी प्रसाद उप्रेती
बद्रीकुमार गुरागाईं

## सुचना, सञ्चार तथा प्रकाशन उप-समिति

### संयोजक

राम बहादुर जि.सी.

### सदस्यहरु

डिल्ली प्रसाद पोखरेल, आर एस तिमल्सिना

### सदस्य सचिव

नवीन कुमार कार्की

### प्रधान सम्पादक

राम बहादुर जि.सी.

### सहयोगी

बलराम के.सी.

### ठेगाना

राष्टिय सहकारी बैंक लिमिटेड
केन्द्रीय कार्यालय कुपण्डोल, ललितपुर
फोन नं : ०१-५१८०१८२
Email: Publication@ncbl.coop
ncbl@ncbl.coop
webiste: www.ncbl.coop

## सम्पादकीय

# तरलता समस्या, कारण र समाधान

नेपालको बैंकिङ्ग उद्योगले आठ दशक लामो यात्रा तय गरिसकेको छ । वि.सं. १९८४ मा नेपाल बैंक लिमिटेड स्थापनासँगै शुरू भएको बैकिङ्ग उद्योगमा २०४६ सालको परिवर्तनपछि नेपाल सरकारले अवलम्बन गरेको खुला अर्थनीतिको कारण मलजल पुग्यो । तत्कालीन नेकपा ( माओवादी) ले संचालन गरेको १० वर्षे विद्रोहका कारण त्यसबेला खुलेका निजी क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरूले ठूलो व्यापार गर्न सकेनन् । तथापि, बैंक तथा वित्तीय संस्थाहरू संख्यात्मक र गुणात्मक रूपमा फस्टाइरहेकै थिए ।

२०६२/६३ को दोस्रो जनआन्दोलनपछि भने नेपालको बैकिङ्ग उद्योगलाई विकासको एक उचाइमा पुर्‍यायो । एकैपटक सयौं संख्यामा बैंक तथा वित्तीय सस्थाहरूको स्थापनाले एकातर्फ नेपालको समग्र आर्थिक विकासलाई सहयोग गर्‍यो भने नेपाल राष्ट्र बैंकको सीमित नियमन क्षमताले बैंकहरूको जोखिम समेत आकासियो । यो बीचमा राष्ट्रिय वाणिज्य बैंक, नेपाल बैंक, कृषि विकास बैंक र केही निजी क्षेत्रका बैंकहरू आन्तरिक सुशासनको कारण संकटग्रस्त हुन पुगे । २०७० साल वरपर आइपुग्दा कतिपय विकास बैंक खारेजीमा पनि परे । सयौं संख्यामा रहेको बैंकमा नियामकको लगाम नपुगेपछि नेपाल राष्ट्र बैंकले मर्जर तथा एक्युजिसनमार्फत हाल यो संख्या ६३ मा सीमित गरेको छ ।

एउटा कोणबाट हेर्दा मर्जर तथा एक्युजिशनमार्फत बैंक तथा वित्तीय सस्थाहरूको संख्या घटाउन नेपाल राष्ट्र बैंक सफल भएको छ भने कतिपय ठूला मर्जरहरू पाइपलाइनमा छन् । तथापि, नेपालको बैंकिङ्ग क्षेत्रमा तरलता समस्या सधैँको टाउको दुखाइ बनिरहेको छ । यही समस्याको कारण नेपालमा बैंक ब्याजदर छोटो समयमा उतारचढाव भइरहेको छ । प्रत्येक आर्थिक वर्षको कुनै न कुनै समय बैंकहरूले तरलता समस्या भोगिरहेको हुन्छन्, जसकारण बैंक ब्याजदरमा उतारचढाव आउने नै भयो । साथै, समग्र अर्थतन्त्रका चलहरूलाई समेत नकारात्मक प्रभाव परिरहेको छ ।

**अक्कू फोरम २०२३ नेपालमा हुँदै** ...समेत हुने छ। सन् २०२० मा अक्कू फोरम नेपालमा आयोजना गर्ने घोषणा भएपनि कोभिड-१९ का कारण स्थगित भएको थियो। फोरममा मानव संसाधन विकास कार्यशाला, सिइओ कार्यशाला, युवा तथा महिला कार्यशाला लगायतका हुने छन्। सम्झौता कार्यक्रममा बैंकका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, उच्च व्यवस्थापनका कर्मचारीहरू र अक्कूका चिफ अफ टेक्निकल अफिसर रञ्जित हित्तराची लगायतको उपस्थिति रहेको थियो।

# द लिडरसिप वुटक्याम्प सम्बन्धी उत्प्रेरणात्मक तालिम सम्पन्न

काठमाडौं। राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजना तथा एसियाली ऋण महासंघ (अक्कू) को प्राविधिक सहयोगमा बैंकका सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिलाई लक्षित गरी आयोजना गरिएको द लिडरसिप वुटक्याम्प सम्बन्धी उत्प्रेरणात्मक तालिम माघ ३ गते सम्पन्न भएको छ।




तालिम समापनमा बोल्नु हुँदै प्रमुख अतिथि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव डा. दामोदर रेग्मीले नेतृत्व विकासका लागि ज्ञान, सिप तथा व्यवहारको उचित संयोजन सबैभन्दा महत्वपूर्ण रहेको बताउनु भयो।

बैंकले सञ्चालन गरेको तालिमले रूपान्तरण सहितको नेतृत्व विकासका लागि सफल रहेको छ भन्ने विश्वास व्यक्त गर्नुहुँदै देशको विकासका लागि सहकारी सामाजिक पुँजी तथा सामाजिक ऊर्जा रहेको उल्लेख गर्नु भयो। उहाँले सरकारलाई आफ्नो संयन्त्रको आधार रहेको तर सहकारी क्षेत्रलाई समाज तथा जनताको प्रत्यक्ष सहयोग रहने बताउनु हुँदै सहकारी अर्थतन्त्रको एक खम्बा मात्र नभई सरकारको सहयात्री रहेको बताउनु भयो।

सहयात्रीले आफ्नो दायित्व निर्वाह गर्नु पर्ने बताउँदै देशको समन्यायिक विकास, प्रादेशगत तथा क्षेत्रगत असन्तुलन, ग्रामीण क्षेत्रमा रहेको आयमूलक गरिबी घटाउन, मानव विकास सूचकाङ्क सुधार, सामाजिक वञ्चित तथा विभेदको निरूपण, बहु-आयामिक गरिबी सूचक सुधार, गिनी कोफिसेन्टको ग्याप सुधारका लागि सरकारले सहकारी क्षेत्रबाट महत्वपूर्ण योगदानको अपेक्षा गरेको बताउनु भयो। सहकारी विकास र प्रवर्द्धनको लागि वित्तीय तथा गैर-वित्तीय क्षेत्रमा राष्ट्रिय सहकारी बैंकको भूमिका महत्वपूर्ण रहेको बताउनुहुँदै बैकसँग सरकार सदैव सहकार्य गरी अघि बढ्ने उल्लेख गर्नु भयो। एसियाली ऋण महासंघकी प्रमुख कार्यकारी अधिकृत एलिनिता भि स्यान रोक्के (लेनी) र चिफ अफ टेक्निकल अधिकृत रञ्जित हित्तराचीले नेतृत्वले सहकारी अभियानको दृष्टिकोणलाई परिवर्तन गर्दै आफू अनुकूल अवलम्बन गर्न सकेमा सहकारी अभियानलाई नयाँ उचाइमा पुऱ्याउन सकिने बताएका छन्। बैंकका अध्यक्ष के.बी.उप्रेतीले बुटक्याम्प तालिमले समग्र अभियान सुधार गर्न सहयोग पुग्ने बताउनु भयो। उहाँले सहकारी मन्त्रालय सहकारी अभियानको अभिभावक भएको उल्लेख गर्दै मन्त्रालयले डिजिटाईजेसनमा सहयोग गर्नुपर्नेमा जोड दिनु भयो। उप्रेतीले भन्नु भयो "डिजिटाईजेसनमा स्वीकृति सहज होस, मन्त्रालयले सहयोग गर्नुपर्छ, र त्यसको नेतृत्व सहकारी बैंकले लिने लिन्छ"। उहाँले सहुलियतपूर्ण कर्जा सरकारले सहकारी बैंक मार्फत सहकारीहरूलाई प्रदान गर्नु पर्ने बताउनु भयो। काभ्रेपलान्चोकको धुलिखेलमा पुस ३० गते देखि सुरु भएको उक्त तालिममा बैंकका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र व्यवस्थापन समूहका कर्मचारीहरूको सहभागिता रहेको थियो।

# नेपाली सहकारीको वर्तमान परिदृश्य र सहकारी क्षेत्रमा यसको प्रभाव विश्लेषण एवम् आगामी कार्यदिशा

बद्री कुमार गुरागाईं
प्रमुख कार्यकारी अधिकृत
राष्ट्रिय सहकारी बैंक लि.



**बिषय प्रवेश**

सहकारीले समाजमा अलग-अलग पहिचान कायम भएका आम मानिसहरुलाई समान पहिचान प्रदान गरि सामुहिक उद्देश्य प्राप्तीका लागि सहजिकरण गर्दछ। सामुहिक प्रयासबाट श्रोतको अभावमा उत्पन्न समस्याको समाधान हुन्छ भन्ने मान्यतामा सहकारी आधारीत रहेको हुन्छ। सामुहिक कार्य सम्पादनको विकल्पको खोजी गरिरहेकालाई सहकारी मोडल मजबुत, जिवन्त र व्यवहारीक विकल्प हो। सहकारी व्यवसाय शक्तिशाली विचारमा आधारीत छ, किनकि यसले एकल प्रयासमा असम्भव कार्यहरुको सहज प्राप्तीलाई सम्भव तुल्याउछ।

**नेपालको आर्थिक परिदृश्यमा सहकारी**

नेपालले अगांलेको उदार अर्थ व्यवस्था संगै आर्थिक गतिविधिहरुमा राज्यको भुमीका सहजीकरणको रुपमा विकास गरिदै लगिएको छ। अर्थ व्यवस्थामा निजि क्षेत्रको सहभागीतालाई प्राथमिकतामा राखीएको छ। सहकारीको भुमीकालाई प्राथमिकतामा राखीएता पनि राज्यले उल्लेख्य लाभ लिन सकेको छैन। सहकारी क्षेत्रको संख्यात्मक उपस्थिति उल्लेख्य मात्रामा रहे पनि गुणात्मक उपस्थिति पर्याप्त देखिएको छैन।

सहकारी क्षेत्रले विशेषत वित्तीय पहुँच विस्तार, ग्रामीण अर्थतन्त्र तथा सामाजीक विकासमा योगदान गरेको छ। बैंक तथा वित्तिय संस्थाहरुको पहुँच नपुगेका क्षेत्रमा वित्तीय आवश्यकत्ताको परिपुर्तिका लागि सहकारीले उल्लेख्य योगदान गरेको पाइन्छ। वित्तीय बाहेकका क्षेत्रमा स्थानिय उत्पादनको बजारीकरण, साधन तथा स्रोतको परिचालनमा समेत सहकारीको योगदान उल्लेख्य रहेको छ। विशेषत निजि क्षेत्रले प्रतिफलको सुनिश्चितता भए मात्र लगानी गर्ने भएकोले निजि क्षेत्रको अर्थतन्त्रमा योगदान बहुआयामीक रहन सक्दैन। आर्थिक तथा सामाजीक विकासको लागि सहकारी उपयुक्त माध्यम हो। सहकारी दिगो सामाजीक व्यवसाय भएको कारणले यसले आर्थिक सामाजीक विकासमा बहुआयामीक योगदान गर्दछ।

**नेपालमा सक्रिय सहकारीको सञ्चालन अवस्था :**

नेपालमा पछिल्लो आँकडा अनुसार २९८८६ सहकारी सञ्चालन भएको देखीएपनि सहकारी सिद्धान्त, नेपालको ऐन तथा कानुनको परिकल्पना अनुसार सञ्चालन भएका सहकारीको संख्या न्यून रहेको पाइन्छ।

**सहकारी क्षेत्रमा देखिएको वर्तमान चुनौतीहरु र सम्भावित कारणहरु**

**क. बचत निक्षेपमा संकुचन र संभावित कारण (बाह्य तथा सामान्य क्षेत्र)**

**अ. वृहत क्षेत्रको प्रत्यक्ष असर (नतिजा)**

- मुद्रास्फ्रितीमा निरन्तर वृद्धिका कारण व्यक्तिगत निक्षेपकर्ताहरुसँग निक्षेप जम्मा गर्ने क्षमता ह्रास हुँदै जानु,
- बैंक वित्तीय संस्थाहरुको निक्षेप वृद्धिदर भन्दा कर्जा लगानी वृद्धिदर उच्च रहेको,
- बैंक वित्तीय संस्थाहरुको संस्थागत निक्षेपमा कमी,
- अमेरिकी मुद्राको तुलनामा नेपाली मुद्राको विनिमय दर २०७९ आषाढदेखि यता आउँदा कमजोर देखीएको

**आ. सामान्य क्षेत्र**

- आर्थिक वर्ष २०७९/०८० को मौद्रिक नीतिले बैंक तथा वित्तीय संस्थाले घर/जग्गा धितो राखी निश्चित प्रयोजन नखुलेका नयाँ आर्थिक कर्ष कर्जा, धितो कर्जा, सम्पत्ति कर्जा, व्यक्तिगत आवधिक कर्जा प्रवाह गर्दा कर्जा र सोको धितो सुरक्षणको (Fair Market Value) बीचको अनुपात काठमाण्डौ उपत्यकाभित्र बढीमा ३० प्रतिशत र अन्य स्थानको हकमा बढीमा ४० प्रतिशतसम्म कायम गर्नुपर्ने व्यवस्था गरेसँगै सहकारीमा ऋणको माग बढेको,

- मौद्रिक नितीले बैंक तथा वित्तीय संस्थाहरुको अनिवार्य नगद अनुपात (CRR) २०७९ भाद्रबाट १ प्रतिशत थप गरी ४ प्रतिशत वैधानिक तरलता अनुपात (SLR) लाई वृद्धि गरी २०७९ पुस मसान्तसम्ममा वाणिज्य बैंकहरुले १२ प्रतिशत, विकास बैंक र वित्त कम्पनीहरुले १० प्रतिशत पुऱ्याउनु पर्ने व्यवस्थाले तरलतामा चाप पर्न गएको देखिन्छ,
- बैंक वित्तीय संस्थाहरुको लगानी योग्य तरलता रकम कम हुँदा त्यसको प्रत्यक्ष प्रभाव सहकारीमा समेत परेको,
- २ मुद्रा आपुर्ति कम भएपछि बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप वृद्धिका लागि उच्च व्याजदर सहितको आक्रामक बजारीकरणको रणनीति,

## ख) सहकारी संस्थाको आन्तरिक वित्तीय व्यवस्थापन समस्या

**अ. पूँजी तथा निक्षेप अनुपातः** नेपालमा सञ्चालित अधिकांश सहकारी संस्थाहरूलाई पूँजी तथा पूँजीकोष भनेको के हो भन्ने विषयमा अत्यन्त न्यून जानकारी रहेको देखिन्छ। वास्तवमा सहकारी क्षेत्रमा मुख्य रूपमा ३ वटा पूँजी कोषको प्रयोग हुने गरेको देखिन्छ।

- शेयर पूँजी (कोष)
- प्राथमिक पूँजीकोष
- संस्थागत पूजीकोष

पूँजी तथा निक्षेपको अनुपातको सन्दर्भमा पूँजी भन्नाले प्राथमिक पूँजी कोष हो र प्राथमिक पूँजीकोष (सहकारी ऐन २०७४ अनुसार) भनेको शेयर पूँजी र जगेडा कोषको योगफल हो। यसरी सहकारी ऐन २०७४ को व्यवस्था बमोजिम सहकारी संघ संस्थाहरूले आफ्नो पूँजीकोषको १५ गुनासम्म निक्षेप संकलन गर्न सक्ने व्यवस्था रहेको छ। तर हालसम्म पनि सहकारी संस्थाहरूले पूँजीकोष र निक्षेपमा हुनुपर्ने स्वस्थ अनुपातलाई मिलाउन नसक्दा तरलता संकट उत्पन्न भएको देखिन्छ।

**आ. स्रोतमा लागत विश्लेषणः** सहकारी संघ संस्थाको अर्को महत्वपूर्ण समस्या भनेको स्रोतको लागत विश्लेषण गर्न नजान्नु हो। सहकारी ऐन २०७४ ले सहकारी संस्थाको कर्जा लगानीमा सन्दर्भ ब्याजदरको व्यवस्था गरेकाले स्रोत संकलन गर्दा सन्दर्भ ब्याजदरको अधिकतम सिमालाई विश्लेषण गर्नुपर्ने हुन्छ। हाल सन्दर्भ ब्याजदरको अधिकतम सीमा १६ प्रतिशत रहेको छ। यसरी कर्जा लगानीमा अधिकतम सीमा निर्धारण भएको अवस्था र अन्य बैंक तथा वित्तीय संस्थाले अधिकतम ब्याजदरमा निक्षेप संकलन गरिरहेको अवस्थामा सहकारी संस्थाहरूले भारित औषत लागत तय गर्न नसक्दा वा नजान्दा स्रोत संकलनमा असर परेको देखिन्छ।

**इ. पोर्टफोलियो र यसको संरचनाः** संस्थाले स्रोत संकलनको लागत तथा त्यसको परिचालनबाट प्राप्त हुने मुनाफालाई सूक्ष्म रूपमा विश्लेषण गर्नुपर्ने हुन्छ। संस्थाको स्रोतको रूपमा रहेको शेयर पूँजी, कोषहरू, वचत र बाह्य ऋण अनुपातलाई विश्लेषण गर्नुपर्ने हुन्छ। त्यसैगरी ती शिर्षकहरू भित्र पनि विभिन्न प्रकारक कोषहरूको अनुपात र वचतका प्रोडक्टहरूको अनुपातलाई समेत विश्लेषण गर्नुपर्ने हुन्छ। ती स्रोतहरूलाई परिचालन गर्दा समेत कर्जा लगानीको अनुपात र त्यसभित्र पनि कर्जाको प्रोडक्टहरू, स्थिर सम्पत्तिको अनुपात तथा अन्य लगानीको अनुपातलाई विश्लेषण गर्नु पर्ने हुन्छ। यसरी स्रोत तथा सो भित्रका विभिन्न उप शिर्षकहरू र स्रोत परिचालन एवम् सो भित्रका उप शिर्षकहरूको संरचना नमिल्दा सहकारी क्षेत्रमा समस्या आएको देखिन्छ।

**ई. नाफा र प्राप्त हुन बाँकी ब्याजः** सहकारी क्षेत्रमा हाल कर्जा लगानीबाट प्राप्त हुन बाँकी ब्याज अत्याधिक मात्रमा रहेको देखिन्छ। यसरी अत्याधिक मात्रमा प्राप्त हुन बाँकी ब्याज देखिनुमा कर्जा लगानी नीति तथ विधिको अभाव, नीति तथा विधि भएता पनि त्यसको कार्यन्वयनमा कमजोरी, कर्जा लगानी पूर्वको विश्लेषणमा कमी, सदस्यको आवश्यकता अनुसार कर्जाका प्रोडक्टहरू नहुनु, सञ्चालक वा कर्मचारी वा निजको परिवारबाट उपभोग गरेको कर्जाको चरम दुरूपयोग हुनु आदि रहेका छन्। यसरी प्राप्त हुन बाँकी ब्याज अत्याधिक हुँदा कतिपय सहकारीहरूले ब्याज पूँजीकृत समेत गरेको देखिन्छ भने कर्जा लगानीबाट प्राप्त हुनुपर्ने ब्याज समयमा नै प्राप्त नहुँदा त्यसले संस्थाको नाफमा प्रत्यक्ष असर परेको देखिन्छ। सहकारीको नाफा कम हुँदा संस्थाको संस्थागत पूँजीकोषको वृद्धी र शेयर लाभांस वितरणमा नकारात्मक असर परेको देखिन्छ।

**उ. एकल कर्जा लगानी सीमाः** सहकारी ऐन/नियम एवम् निर्देशन अनुसार सहकारी संस्थाहरूले एक सदस्यलाई प्राथमिक पूँजीकोषको १० प्रतिशत भन्दा बढी कर्जा लगानी गर्न पाइने छैन। एकै सदस्यलाई सीमाभन्दा बढी लगानी हुनु , सीमित सदस्यमा उच्च कर्जा एकाग्रता रहनु र त्यस किसिमको कर्जा समयमा नै भुक्तानी हुन नसक्नुले समस्या उत्पन्न भएको देखिन्छ।

**ऊ. सहकारी संस्था स्थापना (वर्ष) र संस्थागत पूँजीको अवस्थाः** सहकारी संस्थाहरू नियम संगत तरिकाले सञ्चालन नहुनु, वास्तविक नाफा नदेखाउनु, प्राप्त नाफालाई वैधानिक तरिकाले कोष विभाजन नगरी सदस्यहरूलाई अधिक लाभांस वितरण गर्नु जस्ता समस्याहरू रहेका छन्

। यसरी सहकारी संस्थाको स्थापना भएको लामो समय भई सक्दा पनि सहकारीको मेरूदण्डको रूपमा रहेको तथा लागत रकम शून्य हुने संस्थागत पूँजीकोषको रकम एकदमै कमजोर रहेको देखिन्छ ।

**ए. सहकारीहरूलाई सबल बनाउन संस्थागत संयन्त्रः** सहकारीहरूलाई सक्षम र सबल बनाउन संस्थागत संयन्त्रहरू क्रियाशिल हुन जरूरी हुन्छ । संस्थागत संयन्त्रभित्र सहकारीका सञ्चालक, लेखा सुपरिवेक्षण समिति, कर्जा उपसमिति लगायत अन्य उपसमितिहरूका साथसाथै समग्र कर्मचारीहरू र संस्थाले निर्माण गरेका विभिन्न नीति , नियम, कार्यविधि आदि पर्दछन् । यसरी सहकारी संस्थाभित्र रहने यी विभिन्न संयन्त्रहरूलाई सबल बनाउन मानव पूँजी (Human Capital) लाई सहकारी सम्बन्धि ज्ञान तथा सीपमा बढावा प्रदान गर्ने र लिखित नीतिहरूलाई पालना गर्नुपर्ने वा थप अधावधिक गर्नु पर्ने हुन्छ। तर वर्तमान अवस्थामा सहकारीहरूले ती विषयहरूमा विशेष ध्यान दिएको देखिदैंन ।

**ऐ. नियमन वातावरणः** सहकारी संस्थाहरूलाई आधिकारीक रूपमा नियामक निकायको व्यवस्था गरिएता पनि ती नियामक निकायहरूमा अपार्याप्त जनशक्ति रहनु, जनशक्ति रहँदा समेत सहकारी सम्बन्धि ज्ञान र सीपमा कमजोरी रहनु आदि कारणले सहकारीहरूको पर्याप्त नियमन हुन सकेको छैन । यसरी अन्य बैंक तथा वित्तीय संस्थामा राष्ट्र बैंकले गर्ने किसिमको नियमन सहकारीमा नहुँदा सहकारीहरूमा कानुनी अनुपालनाको कमी रहेको देखिन्छ र कानुनी अनुपालनामा कमजोरी हुँदा सहकारीहरूको भविष्य नै समस्या पर्न सक्ने अवस्था देखिन्छ।

**ग. सहकारीका अभियान अन्तर्गतका बाह्य कारण**

अ. सहकारी संस्था सञ्चालनमा छोटो अवधिको स्रोत प्राप्ति गरी लामो अवधिका क्षेत्रमा लगानी गर्नु,
आ. सम्पत्ति दायित्व ब्यवस्थापन र वस्तु तथा सेवा विविधिकरण गर्न पर्याप्त ध्यान नदिनु,
इ. संस्था सञ्चालनमा प्रत्यक्ष संलग्न व्यक्तिले ठुलो मात्रामा कर्जा उपयोग गर्ने तर समयमा भुक्तानी नगर्ने प्रवृति,
ई. सहकारीहरुको अन्तर सहकारी कारोबार वृद्धि हुनु,
उ. जोखिम न्यूनीकरण सम्बन्धि प्राबधानहरुको पर्याप्त कार्यान्वयन नगर्नु,
ऊ. पर्याप्त बिश्लेषण नगरी ठुलो रकम अनुत्पादक क्षेत्रमा लगानी गर्नु,

**घ. समग्र सहकारी क्षेत्रमा समेत पर्न सक्ने प्रभाव**

क. खराब कर्जामा अत्याधिक वृद्धि,
ख. ऋण जोखिम कोषमा अत्याधिक वृद्धि,
ग. नाफामा हुने क्षतिका कारण संस्थागत कोषहरु कमजोर हुँदै जानु,
घ. लाभ वितरण (लाभांश र संरक्षित पुँजी फिर्ता) गर्ने क्षमतामा ह्रास,
ङ. कर्मचारीले सहकारी संस्था छोड्ने दरमा वृद्धि,
च. बचत निक्षेप फिर्ता गर्न नसक्ने अवस्था आउनसक्ने,
छ सहकारी समस्याग्रस्तमा रुपान्तरण हुन सक्ने,
ज नियामकिय प्रावधानमा अझै कडाई हुन सक्ने,
झ. ख्यातीको जोखिम,
ञ. निक्षेपको व्याजदरहरु महँगो हुन सक्ने,
ट. समग्र कोषको लागतमा वृद्धि
ठ. सहकारी संस्थाको सदस्यता त्याग्ने दरमा क्रमशः वृद्धि हुँदै जान सक्ने,

## नेपालमा सहकारी - अबको कार्यदिशा

### क. नेपालमा सहकारी नियमनः मिश्रित प्रणाली अबको अभ्यास

सहकारी व्यवसायमा स्वनियमन सहकारी सिद्वान्त, मुल्य तथा मान्यतको प्रमुख आधारशिला हो भन्ने विषयमा दुइमत रहेन । सहकारीको पहिलो सिद्वान्तमा व्याख्या गरिएको 'सदस्यद्वारा सहकारीको प्रजातान्त्रीक नियन्त्रणले स्वनियमनको सर्वव्यापी स्विकार्यतालाई समेत वृहतरुपमा दर्शाएको छ । एउटै सदस्य मालिक तथा ग्राहक हुने भएकोले सहकारीमा स्वनियमनको प्राथमिकतालाई राज्यले पूर्ण रुपमा नियन्त्रण गर्न असम्भव प्राय छ। सहकारी व्यवसाय पूर्ण रुपमा राज्य नियन्त्रणमा जानु भनेको निजि व्यवसाय सरह हुनु हो ।
नेपालको परिवेशमा हेर्ने हो भने स्वनियमन विद्यमान अवस्थामा पूर्ण पालना भएको छैन । समुदायमा आधारीत केहि सहकारी बाहेक स्वनियमनको अभ्यास पूर्ण रुपमा पालना गरेका सहकारीको संख्या विरलै भेटिन्छ। स्वनियमनको मानक नहुने भएकोले पूर्ण स्वनियमन के हो भन्ने विषय सधै बहसको विषय मात्र बन्दछ र त्यसले सहकारीमा कुनै तात्विक योगदान नगर्न सक्दछ। फेरी अर्को तर्फ नेपालको सहकारी

अभियानमा सहकारी शिक्षा वस्तुत वित्तीय साक्षरताको सिकाइको रुपमा मात्र सञ्चालन भएको पाइन्छ । सहकारी सञ्चालन सम्बन्धमा सदस्यहरु जागरुक भएको विरलै पाइन्छ। सहकारीमा सदस्यको आकर्षण वित्तीय सशक्तिकरणको प्राप्ती प्रमुख रहेको पाइन्छ। वित्तीय प्राप्ती प्रमुख रहदाँ अन्य विषय गौण हुन गई पूर्ण सिद्वान्तमा आधारीत सहकारी सञ्चालन भएको पाइदैन । फलस्वरुपः सहकारी संस्था असफल भएका उदाहरण हामिले प्रशस्त रुपमा पाएका छौ ।
सहकारीको लक्ष्य प्राप्तीका लागि निर्माण गरिएका संयन्त्रहरुको सक्रिय तथा प्रभावकारी भूमिकाले महत्वपूर्ण योगदान पुर्‍याएको हुन्छ । सहकारी व्यवसायको विभिन्न क्षेत्रमा अदृश्य रुपमा रहेका जोखिमहरुको पहिचान गरी सोको उपयुक्त समाधान पहिल्याउनका लागि आन्तरिक नियन्त्रण प्रणालीले सघाउ पुर्‍याउँदछ र यसले संस्थामा सुशासन कायम राख्न मद्धत पनि पुग्दछ । आन्तरीक नियन्त्रण प्रणालीको प्रभावकारीताका लागि लेखा सुपरिवेक्षण समितिको सक्रियता लाई प्राथमिकता दिने व्यवस्था हुनु पर्दछ। सहकारीका प्रणालीहरु अन्तर्गत , कार्य सञ्चालन प्रणाली, व्यवस्थापन सूचना प्रणाली, आन्तरिक नियन्त्रण प्रणाली, अनुगमन तथा मूल्याङ्कन प्रणाली, उत्पादन तथा सेवा विकास प्रणाली, जनशक्ति विकास प्रणाली, संस्थागत सुशासन प्रणाली, प्रविधि विकास प्रणाली, व्यवसाय प्रवर्द्धन प्रणाली, दिगो लक्ष्य प्राप्ती लगायतका प्रणालीहरु पर्दछन

नेपालको हकमा सहकारीको नियमन मिश्रित प्रणालीमा हुनुपर्दछ । यस प्रणालीमा राज्यले सहकारीको प्रकृति तथा व्यवसायको आकार अनुसार सहकारी सञ्चालनको न्यूनतम मापदण्ड/मानक तोक्ने व्यवस्था हुनुपर्दछ भने सदस्यहरुले उक्त मापदण्ड/मानकको पूर्ण कार्यान्वयनमा स्वःनियमनको विवेकि प्रयोग गर्नेछन् । साथै न्युनतम मापदण्डको कार्यान्वयनको सूनिश्चितता राज्यले गर्नेछ। सदस्यहरुलाई नियमनको पाटोमा रहेर जनचेतना तथा आवश्यक शिक्षा प्रदान गर्ने जिम्मेवारी राज्य तथा सहकारी संस्था दुवैको हुनुपर्दछ।

वित्तीय सहकारी तथा गैर-वित्तीय सहकारीको नियमन मापदण्ड दुइ फरक पाटोमा हुनुपर्दछ। वित्तीय सहकारी अर्न्तगत व्यवसाय विस्तार, पुँजी सम्बन्धी व्यवस्था, लेखानिति, जोखीमको व्यवस्थापन, संस्थागत सुशासन, क्षेत्रगत लगानी, ग्रामीण क्षेत्र तथा पिछाडिएको क्षेत्रमा वित्तिय लगानी, कर्जा सूचना तथा कालोसूचि सम्बन्धी व्यवस्था, ब्याजदर सम्बन्धी व्यवस्था, अनिवार्य तरलता मौज्दात तथा वैधानिक तरलता सम्बन्धी व्यवस्था, सम्पत्ति शुद्धिकरण सम्बन्धी व्यवस्था, वित्तीय श्रोत संकलन सम्बन्धी लगायतका व्यवस्थाका लागि राज्यले न्यूनतम मापदण्ड तोक्नुपर्दछ। गैर वित्तीय सहकारीको लागि व्यवसाय विस्तार, श्रोतको पहिचान तथा संकलन, संस्थागत सुशासन, लेखानिति, व्यवसायको प्राथमिकरण लगायतका विषयमा राज्यले न्यूनतम मापदण्ड तोक्नुपर्दछ।

### ख. सहकारीको सञ्चालन मोडालिटि

सहकारी सञ्चालनको प्रमुख आधारशिला सहकारी सिद्वान्तहरुको प्रयोग हो । सहकारी व्यवसायलाई देशको स्थानीय आवश्यकता तथा औचित्य अनुसार स्थानीयकरण गर्दै लैजादा सहकारी मोडलको सफल प्रयोग गर्न सकिन्छ। नेपालमा विशेषत वित्तीय सहकारी र गैर-वित्तीय सहकारीको सञ्चालन मोडालिटिको ब्याख्या आवश्यक रहेको छ।
वित्तीय सहकारी अर्न्तगत प्रारम्भिक सहकारी संस्था, संघ र सहकारी बैंकको कार्य सञ्चालनलाई प्रष्टता बनाउनु आवश्यक छ। बचत तथा ऋण कारोबार गर्ने प्रारम्भिक संस्थाहरुले वित्तीय श्रोतको व्यवस्थापनका लागि जोखीम भारीत सम्पत्तिको आधारमा पूँजीकोष कायम गर्ने व्यवस्था लागु हुनुपर्दछ। अनिवार्य तरलता अनुपात कायम गर्नु पर्ने व्यवस्था लागु हुनुपर्दछ। बचत तथा ऋण कारोबार गर्ने संघहरुले वित्तिय कारोबार गर्न पाउने / नपाउने विषयमा बहस आवश्यक रहेको छ। सदस्यको समान आर्थिक सहभागिता सिद्वान्तमा आधारीत रहेर वित्तीय कारोबार गरिरहेका संघहरुमा, सदस्यको असमान आर्थिक सहभागीताले सिद्वान्तको विपरीत बैकिङ् कारोबारलाई दर्शाउँदछ।

यसका साथै बहुउद्देश्यीय सहकारी संस्थाहरुले बचत तथा ऋण सम्बन्धि कारोबार गर्न पाउने/नपाउने विषयमा प्रष्टता आवश्यक छ । बहुउदेश्यीय सहकारी संस्थाहरुले बचत तथा ऋण कारोबारलाई प्रमुख व्यवसायको रुपमा सञ्चालन गर्ने हो भने बचत तथा ऋण सहकारीमा परिवर्तन गर्नुपर्दछ। सहकारीको प्रकृति अनुसार कारोबारमा एकरुपता ल्याउदा नियामकिय अनुपालनाको कार्यान्वयन प्रभावकारी तथा नितिगत रुपमा एकरुपता कायम हुन्छ।

सहकारी संस्थाको सञ्चालन प्रभावकारीताका लागि शाखा सूचना/कर्जा सूचना, सहकारी न्यायाधिकरणको ब्यवस्था, एकिकरण सम्बन्धी ब्यवस्था, आन्तरिक नियन्त्रण प्रणाली तथा अनुपालन, जनचेतना, सूचना, प्रकाशन तथा प्रशारण, सम्पत्ति शुद्धिकरण सम्वन्धी व्यवस्था, जोखिम ब्यवस्थापन, समानान्तर सहकारी तथा गैह्र सदस्यसंग कारोवार, सहकारी पाठ्यक्रम तथा पढाई लगायतका विषयमा समेत नितिगत तथा सञ्चालन प्रष्टता कायम गर्दै सुरुवात गर्नु आवश्यक रहेको छ।

### ग. सहकारीमा वित्तीय स्रोतको परिचालन तथा व्यवस्थापन

बचत तथा ऋण कारोबार गर्ने सहकारी संस्थाहरुले माग तथा आपूर्तिको आधारमा सदस्यहरुबिच वित्तिय कारोबारका लागि मध्यस्तताको भुमीका निर्वाह गर्दछन् । वित्तीय कारोबारका लागि आवश्यक वित्तीय स्रोत प्रथम चरणमा शेयर पूजीँ तथा बचतको रुपमा सदस्यहरुबाट व्यवस्थापन गर्नेछन् । बाह्य श्रोतको रुपमा सहकारी संस्थाहरुले सहकारी बैंक, वित्तीय कारोबार गर्ने संघ तथा अन्य प्रतिस्पर्धि श्रोतबाट बाह्य

ऋण संकलन गर्नेछन् । साथै सहकारी संस्थाहरुले सह-वित्तीयकरणमा आधारीत रहेर ठुला परियोजनामा वित्तीय श्रोतको सुनिश्चितता गर्न सक्नेछन् । बचत तथा ऋण बाहेकको वित्तीय कारोबार नगर्ने सहकारी संस्थाहरुलाई आवश्यक वित्तिय श्रोत युवा स्वरोजगार कोष, नेपाल सरकार द्वारा प्रदान गरीने सहुलियतपूर्ण कर्जा, नियामकिय व्यवस्था अनुसार कायम रहने वित्तीय सहकारीको अनिवार्य तरलता मौज्दातको रकम लगायतलाई परिचालन गर्न सक्नेछन् । साथै बचत तथा ऋण कारोबार गर्ने सहकारी संस्थाहरुले समेत माथी उल्लेखीत श्रोतहरुको उपयोग गर्न सक्नेछन् ।

**घ. सहकारीमा प्रविधिकरणः डिजीटल सहकारी**

सहकारीमा प्रविधिकरण सहकारी अभियानको अबको मुख्य कार्यदिशा हुनु आवश्यक छ । डिजिटल सहकारीले सहकारी सञ्चालन प्रक्रिया तथा सदस्यहरुको सहकारी अनुभव दुवैमा परिवर्तन ल्याउने छ । सहकारी सञ्चालन प्रक्रियाको डिजिटाइजेसन अर्न्तगत नयाँ प्रविधिमा आधारीत तथा उत्कृष्ट साइवर सुरक्षा प्रणाली कायम भएको क्लाउड बेश (Cloud Based Computing) कोर बैकिङ् प्रणाली, सहकारीका विभिन्न आयामहरुलाई केन्द्रीकृत गरीएको Cooperative Enterprise Resource Planning (C–ERP), नेपालको वित्तिय भुक्तानी प्रणालीमा सहकारीलाई समेत जोड्ने प्रणालीमा सहभागीता, अन्तर सहकारी भुक्तानी प्रणाली, सम्पूर्ण सहकारी संस्थाहरुको डाटालाई सुरक्षित तवरले भण्डारण गर्ने डाटा बेश व्यवस्थापन प्रणाली, वित्तीय कारोबार बाहेकका कार्य गर्ने सहकारी संस्थाहरुको दैनिक कार्य सञ्चालनका लागि आवश्यक पर्ने प्रणाली, उत्पादन बजारीकरणमा सहजीकरण गर्ने अनलाइन प्लेटफर्म, Artificial Intelligence मा आधारीत प्रविधि लगायतको विकास तथा निर्माणमा अबको समयसहकारी संस्थाहरुले केन्द्रीत गर्नुपर्दछ । प्रविधिमा परिवर्तन सधै स्थीर रहने भएकोले प्रविधिमा सहकारीले निरन्तर लगानी गर्नुपर्ने हुन्छ ।

सहकारी संघ/संस्थाको केन्द्रिकृत तथ्याङ्क प्रणालीको लागि विद्यमान कायम रहेको सहकारी तथा गरिबी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) लाई अद्यावधिक गरी आवश्यक तथ्याङ्क संकलन गर्ने प्रणाली हुनुपर्दछ । सहकारी संस्थाहरुलाई सफ्टवेयर उपलब्ध गराउने सफ्टवेयर प्रदायकहरुले सहकारी विभाग बाट अनिवार्य स्विकृती लिएर सञ्चालन गर्नु पर्ने व्यवस्था कायम हुनुपर्दछ । सहकारीहरुको कोर बैकिङ् सफ्टवेयरमा एकरुपता कायम गर्नका लागि COPOMIS को व्यवस्था तथा सहकारीको निर्दिष्ट लेखा निति (Charts या Account) अनुसार सहकारी सञ्चालन सफ्टवेयर विकास गर्नु पर्ने व्यवस्था हुनुपर्दछ । सफ्टवेयर प्रदायकलाई कोपोमिसको API प्रदान गरी कोपोमिसको केन्द्रीय सर्भरमा सहकारीको आवश्यक तथ्याङ्कहरु स्वतहः रुपमा पठाउने हुनुपर्दछ । वा नियामक निकायले सहकारी सञ्चालनको लागि Blanket Software को अवधारणा अनुसार संयन्त्र तयारी गरी सम्पूर्ण सहकारीहरुको अद्यावधिक तथ्याङ्क राज्य तथा नियामकिय संयन्त्रको मा पुग्ने प्रणालीको विकास गर्नु पर्दछ । सरकारको अधिनमा रहेको GIDC DATABASE मा सहकारी संस्थाहरुको तथ्याङ्क निःशुल्क वा न्यून शुल्कमा भण्डारण गर्न पाउने व्यवस्था हुनुपर्दछ । नियमीत सफ्टवेयरबाट COPOMIS मा तथ्याङ्क उपलब्ध नहुने सहकारीको हकमा सरलीकृत तथ्याङ्क प्रविष्टी गर्ने व्यवस्था हुनुपर्दछ र COPOMIS लाई चरणबद्ध रुपमा कार्यान्वयन गर्दै लैजानुपर्दछ । साथै सूचना प्रवाहका लागि १० करोड भन्दा धैरैको वित्तिय कारोबार भएका सहकारी संस्थाहरुले अनिवार्य रुपमा वेवसाइट निर्माण गरेको हुनुपर्ने व्यवस्था हुनुपर्दछ ।

**ङ. युवा सहभागिता सम्बन्धी व्यवस्था**

सहकारी अभियानमा युवा सहभागिताले मात्र यसको भविष्यलाई सुरक्षित गर्दछ । पछिल्लो चरणमा हेर्ने हो भने सन् १९९५ पश्चातको पिढि (जसलाई iGen/Gen Z ले समेत चिनिन्छ) को सहकारीमा सहभागीता उल्लेख्य भएको पाइदैन । युवाको सहभागीता न्यून हुदा विशेषत सहकारीले पुस्तान्तरणको समस्या भोग्न सक्दछन् । सहकारीमा युवा सहभागीता नहुनुको प्रमुख कारण स्कुल तथा विश्वविद्यालय स्तरमा सहकारी शिक्षा तथा सचेतनाको अभाव, सहकारी परम्परागत सञ्चालन प्रक्रियाबाट माथि नउठ्नु लगायतलाई लिन सकिन्छ । सहकारीमा युवाको सहभागीता वृद्धिका लागि विद्यालय तथा विश्वविद्यालय स्तरमा सहकारी शिक्षाको सञ्चालन, सञ्चालक समितिमा २५ वर्ष उमेर सम्मको एक जना अनिवार्य सञ्चालकको व्यवस्था कायम गरिनुपर्दछ । युवाहरुको परिचालनका लागि अनिवार्य रुपमा युवालाई समेट्ने प्रकृतिको उपसमिति गठन समेत गरिनुपर्दछ ।

**च. स्थानीय अर्थतन्त्रमा सहकारीको सहभागिता**

सहकारी क्षेत्रले स्थानीय रुपमा उपलब्ध श्रोत तथा साधनको समुदायस्तरमा न्यायोचित वितरण गर्ने भएको हुदाँ समुदायमा आर्थिक समावेशिता र सामाजिक न्यायको परिकल्पना गर्न सकिन्छ । आर्थिक विकासमा महत्वपूर्ण अंगको रुपमा रहेको आम-मानिसको जिवनस्तर वृद्धिको लागि सहकारीका क्रियाकलापहरु सहयोगी छन् । सहकारीका क्रियाकलापले सदस्यलाई वित्तीयरुपमा सक्षम बनाउनका लागि योगदान गर्दछ भने संगसंगै समाजको हित तथा सामाजीक न्यायको प्राप्तीका लागि पनि वकालत गर्दछ । सामाजिक विकासका महत्वपूर्ण पाटाहरु जस्तैः स्वास्थ्य, शिक्षा, यातायात, सञ्चारमा पहुँच, साँस्कृतिक स्वतन्त्रताका पक्षहरु, स्रोतको पहुँचमा विभेदको अन्त्य, लैगिंक असमानताको अन्त्य,

दिगो विकासका लक्ष्यको प्राप्तीका लागि सहकारी क्षेत्रको उपस्थीतिको आवश्यक रहेको छ। स्थानीय अर्थतन्त्रमा सहकारीको प्रभावकारी संयोजनका लागि स्थानीय सरकार र सहकारी बिच कार्यगत लक्ष्यमा तालमेलको आवश्यकता हुनुपर्दछ। स्थानीय सरकारले प्राथमिकता दिएका कार्यक्रमलाई सहकारीको माध्यमबाट सम्पन्न हुने गरी विकास गर्नुपर्दछ। सहकारी व्यवसायलाई राज्यले कर छुट प्रदान गरेको हुदाँ त्यसको प्रतिफल राज्यले अर्थतन्त्रको विकासमा प्रयोग गर्न पाउने व्यवस्था हुनुपर्दछ। सहकारी संस्थाहरुले वार्षिक रुपमा नाफाबाट छुट्याउने सामुदायिक विकास कोषको रकम स्थानीय अर्थतन्त्रमा खर्चिने व्यवस्था हुनुपर्दछ। स्थानिय निकाय - सहकारी साझेदारी कार्यक्रम (Local Level– Cooperative Partnership) मार्फत स्थानीय परियोजनाहरु संचालन गरिनुपर्दछ।

***सफलताको कथा***

# न्यूनस्तर भएका मानिसहरुको लागि मिलिजुली कालिञ्चोक सहकारी बरदान

२०५० साल भाद्र ७ गते स्थापना भएको मिलिजुली कालिञ्चोक बचत तथा ऋण सहकारी संस्था लिमिटेड २०५० साल मंसिर २ गते जिल्ला सहकारी कार्यालय धुलिखेलमा ८३ नम्बरमा दर्ता भएको हो। संस्था स्थापना भए पश्चात बिभिन्न आरोह अबरोहहरु पार गर्दै हाल दोलखा जिल्ला भरि यो संस्थाले आफ्नो कार्यक्षेत्र बिस्तार गर्न सफल भएको छ। एउटा केन्द्रीय कार्यालय सहित जिल्ला भरि जम्मा ८ वटा सेवा केन्द्र मार्फत जिल्ला भर छरिएर रहेका आफ्ना सदस्यहरुलाई सामाजिक, सास्कृतिक, आर्थिक र प्रबिधिको रुपमा उनीहरुको जीबन सम्बृद्दिको लागि सदैब आफ्नो उदेश्य मुताबिक सेवा प्रदान गर्दै आईरहेको छ। मिलिजुली कालिञ्चोक बचत तथा ऋण सहकारी संस्थाले निम्न बर्गहरुमा रहेका सदस्यहरुलाई आत्मनिर्भर बनाई हाल उद्यमी बनाएर आर्थिक उन्नतीको लागि बिभिन्न कार्य, तालिम र प्राबिधिक सहयोग गर्दै आईरहेको छ।

यस संस्थालाई सुशासनमा चलाउन, प्रभाबकारी वित्तीय संरचना कायम गर्न, सदस्यहरुलाई प्रबाह गर्ने बस्तु तथा सेवा प्रभाबकारी बनाउन , सस्थाको मानव संशाधनलाई दक्ष बनाई मुस्कान सहितको सदस्य सेवा प्रदान गर्न एक्सेस कार्यक्रमको ८६ वटा र सियुलेगको १२० वटा सुचकांकहरुको निर्देशन बमोजिम बिभिन्न कार्यहरु गर्दै आईरहेको छ। भने संस्थाले बार्षिक रुपमा आर्थिक बर्ष २०७७/२०७८ बाट NFRS बिधि बाट लेखा परिक्षण थालनी गरेको छ। यसरी सुशासनमा आधारित सञ्चालन भएको यो संस्था २०६९ सालमा राष्ट्रिय सहकारी बैंकबाट मध्यमाञ्चल उत्कृष्ट, २०७१ सालमा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कुन) बाट नेपाल उत्कृष्ट, आर्थिक वर्ष २०७१/०७२, २०७३/०७४ र २०७४/०७५ मा गरी तीन पटक आन्तरिक राजश्व कार्यालय बाट उत्कृष्ट करदाता, २०७६ सालमा नेफ्स्कुन बाट एकिकरण कार्यमा नेपाल उत्कृष्ट , २०७७ सालमा नेफ्स्कुन बाट साकोस अभियानको नेपाल उत्कृष्ट ब्यबस्थापक , २०७८ सालमा नेफ्स्कुन बाट संस्थापक अध्यक्ष सम्मान सहित बिभिन्न क्षेत्रबाट प्रशंसित भई आईरहेको छ। यस संस्थाले आफ्ना शेयर सदस्यहरुलाई ऋणी मात्र बनाउँने उदेश्य नलिई धनी बनाउँने उदेश्य सहित संस्थामा बिभिन्न ऋण र बचतको सेवा प्रदान गरिरहेको छ। वित्तीय साक्षरता, कानुनी साक्षरता, प्रबिधि साक्षरता, स्वास्थ्य साक्षरता र ऋण ब्यबस्थापन तालिमको आयोजना गर्दै अघि बढिरहेको छ। हाल यो संस्थामा शेयर सदस्य र बाल बचत कर्ता गरि जम्मा ३१,७,५३ जना रहनु भएको छ।

यस संस्थाले नयाँ तरिकाले सोच्ने, नयाँपन दिने, उपलब्ध श्रोत र साधनको उच्चतम प्रयोग गरि फाईदा लिने कार्यलाई आत्मसाथ गरि ब्यबसाय बिकास सेवा अर्न्तगत अकु र नेफस्कुनको प्राबिधिक सहयोगमा उद्यमसिलता बिकासको लागि आफ्ना उद्यमी शेयर सदस्यहरुको लागि उद्यमसिलता तालिम पनि दिई आईरहेको छ। भिमेश्वर नगरपालिका वडा नम्बर-३, निबासी सस्थाको सदस्य नम्बर ३०५७ कि कल्पना थापा यस संस्थामा बिगत ११ बर्ष देखि वित्तीय सहयोग लिईरहनु भएको छ।

रु १,००,००० (अक्षरुपी एक लाख) लगानी बाट सुरु गर्नु भएको कुखुरा पालन हाल एक लाख देखि रु १५ लाख मा पुगेको बताउँनु हुन्छ। संस्थाको वित्तीय र प्राबिधिक सहयोगले मैले यो ब्यबसाय संचालन गर्न सफल भए र मेरो जीबनस्तर पनि फरक भएको बताउँनु हुन्छ। यो ब्यबसायको मुनाफाबाट उनको दुई सन्तान पढाउँन घर ब्यबहार धान्न, ऋणको किस्ता तिर्न, बचत गर्न र समस्या परेको बेलामा केहि रकम निकाल्न सहज भएको बुझिन्छ र अगाडि भन्नु हुन्छ "यो सहकारी नभएको भए हामी जस्ता निम्न स्तर भएका मानिसहरुलाई जिबन स्तर परिबर्तन गर्न कठिनाई हुने थियो त्यसैले यो सहकारी हामी जस्तो मानिसहरुको लागि बरदान नै साबित भएको छ" ।

यस संस्थाले कृषक सँग मिलिजुली कालिञ्चोक साकोस भन्ने नाराका साथ बिभिन्न कृषि खेती गर्ने पशुपालन गर्ने र स-साना उद्योग गर्ने सदस्यहरुको लागि बित्तीय सहयोग र प्राबिधक सहयोग

गर्दै आईरहेको छ। भिमेश्वर नगरपालीका वडा नम्बर २ निबासी संस्थाको सदस्य नम्बर ३७१६ कि दुर्गा बिश्वकर्मा करिब ११ बर्ष देखि संस्थामा आबद्धता हुनुहुन्छ। उहाँले संस्थाबाट रु ५०,००० हजार बाट लगानी गरेर आफ्नो कृषि,पशुपालन ब्यबसाय थालनी गर्नु भएको अहिले आएर संस्थाको सहयोगमा बिकसित पशुपालन र अन्य कृषी योजनाहरु थाल्नु भएको बताउँनु हुन्छ । यस सहकारीले गर्दा मैले यतिको गर्न सकि र हामी जस्ता न्युनस्तर भएका मानिसहरुको लागि सहकारी बरदानकै रुपमा रहेको कुरा उहाँको चेहेरा बाट प्रस्ट झल्कन्छ।

# राजविराजका सय विपन्न परिवारलाई न्यानो कम्बल वितरण

ललितपुर । चिसोबाट प्रभावित सप्तरीका १०० गरिब तथा विपन्न समुदायका परिवारलाई माघ १० गते न्यानो कम्बल वितरण गरिएको छ।



राष्ट्रिय सहकारी बैंक र राजविराज स्थित जन ज्योती कृषि सहकारी संस्थाको सयूक्त आर्थिक सहभागितामा राजविराज नगरपालिका वडा नम्बर-९, मलेठ र वडा नम्बर-१०, दिघवा टोलमा रहेका १०० घरधुरी तथा विपन्न परिवारलाई कम्बल वितरण गरेको हो । तराइमा चिसोका कारण अति विपन्न परिवारलाई असहज भइरहेको अवस्थामा बैंकले कम्बल वितरण गरेपछि उनीहरुले राहतको महसुस गरेका छन् । बैंकका सञ्चालक विश्वनाथ मण्डलले दलित समुदायका १०० परिवारलाई कम्बल वितरण गरिएको जानकारी बताउनु भयो । बैंकको संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत राजविराज क्षेत्रमा रहेका अति विपन्न दलित बस्तीमा चिसोका कारण कसैले पनि अकालमै ज्यान गुमाउन नपरोस् भन्ने उदेश्यका साथ विपन्न परिवारको पहिचान गरेर न्यानो कपडा वितरण कार्यलाई गरिएको बैंकले जनाएको छ । कम्बल वितरण कार्यक्रममा बैंकका संचालक विश्वनाथ मण्डल, बैंकको राजविराज शाखाका शाखा प्रमुख चन्द्रमणी भट्टराई तथा जन ज्योती कृषि सहकारीका संचालक एवम् कर्मचारीहरुको रोहवरमा वितरण गरिएको थियो। यसअघि बैंकले सिरहाको धनगढीमाई नगरपालिका वडा नम्बर १ मा पनि विपन्न परिवारलाई कम्बल वितरण गरेको थियो । शीतलहर र चिसोका कारण प्रत्येक वर्ष तराईमा स्थानीयले कठ्याङ्ग्रिएर अकालमै ज्यान गुमाउने गरेका छन् ।

# बाँकेमा कोपोमिस तालिम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड कोहलपुर र नेपालगन्ज शाखाको आयोजनामा सहकारी संघ/संस्थाहरुको एकीकृत विद्युतीय व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तालिम सम्पन्न भएको छ। माघ १८ गते बैंकको कोहलपुर र नेपालगन्ज शाखा कार्यालय क्षेत्रमा क्रियाशील सहकारी संस्थाका सञ्चालक तथा व्यवस्थापकहरूलाई लक्षित गरी आयोजना गरिएको तालिममा ५१ जना भन्दा बढीको सहभागिता रहेको थियो। सहकारी ऐन, नियमावलीमा भएको व्यवस्था र सहकारी विभागको निर्देशन अनु पालना गर्ने सम्बन्धमा बैंकले सहजिकरण गर्ने क्रममा आयोजना गरिएको यस तालिमबाट कोपोमिसमा तथ्याङ्क सङ्कलन एवम् समग्र नीति, योजना तथा कार्यक्रम निर्माणमा टेवा पुग्ने विश्वासका साथ सहकारी विभागको समन्वयमा बैंकले कोपोमिस प्रणालीमा प्रविष्टि गर्न सहजिकरण गरिरहेको छ । तालिम बैंकको नेपालगन्ज शाखाका प्रमुख सागर नाथ योगीले उदघाटन गर्नुभएका थियो, भने कोहलपुर शाखाकी प्रमुख निता कुमारी

थापाले सञ्चालन गर्नु भएको तालिमको सहजिकरण सहकारी बैंकको तालिम विभागका सहायक अधिकृत राजकुमार बरालले गर्नु भएको थियो । सहभागीहरूले कार्यक्रम अत्यन्त प्रभावकारी रहेको र अपेक्षित उपलब्धि हासिल हुने भन्दै कोपोमिसमा डाटा इन्ट्रीसंगै सहकारीको राष्ट्रिय तथ्याङ्क अभिलेख व्यवस्थापनमा सहयोग पुग्ने बताएका छन् ।

# राष्ट्रिय सहकारी बैंकको अर्धवार्षिक कार्यक्रम सम्पन्न




ललितपुर । फाल्गुन १८ गते देखि देखी काभ्रेपलान्चोकको धुलिखेलमा सुरु भएको राष्ट्रिय सहकारी बैंक लिमिटेडको चालु आर्थिक वर्ष २०७९/०८० को अर्धवार्षिक समिक्षा कार्यक्रम २० गते सम्पन्न भएको छ। चालु आर्थिक वर्ष छ महिनाको समिक्षा गरी बाँकी छ महिनाको कार्यक्रमलाई थप प्रभावकारी बनाउने लक्ष्यका साथ कार्यक्रम गरिएको बैंकले जनाएको छ।

३ दिनसम्म सञ्चालन भएको कार्यक्रमको बैंकका अध्यक्ष केबी.उप्रेतीले समापन गर्नु भएको थियो । समापनको अवसरमा बोल्दै बैंकका अध्यक्ष उप्रेतीले बैंकको रणनीतिक योजना अनुसार प्रतिफल प्राप्न गर्न शाखा प्रमुखहरुको भूमिकालाई थप प्रभावकारी बनाउन कार्यक्रमले सहयोग गर्ने बताउनु भयो। जोखिमलाई न्यूनिकरण गर्दै सदस्य सन्तुष्टीलाई ध्यान दिएर काम गर्न निर्देशन दिँदै अध्यक्ष उप्रेतीले सहकारी बैंकका सवल पक्षलाई आम सहकारी संघ संस्थामा पुऱ्याउने र देखिएका समस्याहरुलाई समयमै समाधान गरेर अगाडि बढ्न आग्रह गरे। सहकारी बैंकले गर्ने काम आफ्नो व्यवसाय वृद्धिका लागि भएपनि यसको प्रभाव सिंगो सहकारी अभियानको सफलता र असफलतासंग जोडिने भएकाले बैंकका सञ्चालक, लेखा सुपरीवेक्षण समिति, उच्च व्यवस्थापन, शाखा प्रमुखहरु र सम्पूर्ण कर्मचारीहरुको अतिरिक्त सक्रियता र समन्वय गरेर सहकारीको साख बढाउन ध्यान दिनु पर्ने उनको भनाइ थियो।

पछिल्लो समय देशव्यापीरुपमा देखिएको सहकारीका समस्यालाई समाधान गर्न बैंकले आफ्नोतर्फबाट सक्दो प्रयत्न गरेको बताउँदै अध्यक्ष उप्रेतीले सहकारीमा आउन सक्ने समस्याका बारेमा बैंकका शाखा प्रमुखहरुले स्थानीय स्तरमा रहेका सरोकारवालाहरुसँग समन्वय गरेर समाधानमा योगदान गर्न आह्वान गरे।

बैंकले बनाएको रणनीतिक योजनालाई प्रभावकारी रुपमा कार्यान्यन गर्नका लागि विशेषत शाखा प्रमुखहरुको भूमिका सवल हुनु पर्ने चर्चा गर्दै बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले कार्यक्रममा ६८ वटै शाखाको समग्र समीक्षा र रणनीतिक समीक्षा गर्दै, बैंकले लिएको लक्ष्य, उद्देश्यहरू प्राप्तिमा सबै प्रतिबद्ध हुन आग्रह गर्नु भयो।

कार्यक्रममा बैंकका अध्यक्ष के.बी उप्रेती, लेखा सुपरिवेक्षण समितिका संयोजक लक्ष्मी प्रसाद उप्रेती, प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईं, नायब प्रमुख कार्यकारी अधिकृत मनोज खड्का, नायब महाप्रबन्धक राजेश श्रेष्ठ सहित विभागीय प्रमुखहरू र ६८ शाखा कार्यालयका शाखा प्रमुखहरूको सहभागिता रहेका थियो। कार्यक्रमको सञ्चालन बैंकका सदस्य सेवा महाशाखाका प्रमुख रामबाबु आचार्यले गरेका थिए। सहकारी संघ संस्थाहरुसंग मात्र कारोबार गर्दै आइरहेको राष्ट्रिय सहकारी बैंकले ६८ वटा शाखामार्फत देशभरका १६ हजार सहकारी संघ संस्थाहरुसंग कारोबार गर्दै आइरहेको छ।

# बर्दघाटमा सहकारीका सञ्चालकहरूलाई क्षमता अभिवृद्धि तालिम

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड बर्दघाट शाखाले आयोजना गरेको दुई दिने सहकारीका सञ्चालक समितिहरूको क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको छ ।

माघ ११ र १२ गते सञ्चालन भएको तालिममा बैंकले आफ्ना सदस्य संघ/संस्थाहरूका सञ्चालकहरूलाई सहकारी ऐन, नियमावली, नीति, नियम र प्रविधि सहित सहकारी सञ्चालनका लागि सचेतना प्रदान गर्ने गरी तालिम आयोजना गरिएको बैंकले जनाएको छ । तालिममा सहकारी सञ्चालनको प्रक्रिया, सहकारीका लागि कानुनी परिवेश र सञ्चालकहरूको दायित्व, सहकारीमा नीतिगत व्यवस्था, पर्ल्स, सहकारीको योजना, संस्थामा सञ्चालकको जिम्मेवारी तथा भूमिका लगायतका विषयमा सहभागीहरूलाई जानकारी गराइएको थियो ।

तालिम कार्यक्रममा त्यस क्षेत्रका ९ सहकारी संघ/संस्थाहरूबाट ३९ जना सञ्चालकहरूले सहभागिता जनाएका थिए, भने तालिमलाई राष्ट्रिय सहकारी बैंकको तालिम विभागका सहायक तालिम अधिकृत राजकुमार बराललले सहजीकरण गर्नु भएको थियो । कार्यक्रममा बैंकको बर्दघाट शाखाकी प्रमुख सबिना पोखरेले स्वागत मन्तव्य राख्नुभएको थियो ।

# कैलालिका २ सहकारी संस्था सहकारी बैंकको स्तरीकरण कार्यक्रममा आबद्ध

ललितपुर । कैलालीको टिकापुर नगरपालिकामा रहेका लक्ष्मी नारायण बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड र पशुपति पहिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड राष्ट्रिय सहकारी बैंकले सञ्चालन गरेको सहकारी क्षेत्रको गुणात्मक सुधारका लागि सहकारी स्तरीकरण कार्यक्रम अन्तर्गत "केयर" मा आबद्ध भएका छन् । माघ १८ र १९ गते बैंकको तर्फबाट स्तरीकरण तथा जोखिम व्यवस्थापन विभागका अधिकृत नवकुमार अधिकारी र संस्थाका प्रतिनिधि बिच स्तरीकरण कार्यक्रम केयरमा आबद्ध भएको सम्झौता पत्रमा हस्ताक्षर गर्नुभएको छ ।

सहकारी संस्थाको सञ्चालनलाई थप व्यवस्थित एवं प्रभावकारी बनाई, गुणस्तरीय सुनिश्चितता कायम गरी सहकारी संस्था एवम् अभियानको उच्च छवि निर्माण गर्ने उद्देश्यका साथ बैंकले सुरु गरेको स्तरीकरण कार्यक्रम अन्तर्गत केयर कार्यक्रमले सहकारी संस्थाको स्तर पहिचान, स्तर मापन एवम् स्तरोन्नतिका लागि विभिन्न कार्य गर्ने बैंकले जनाएको छ । सहकारी संस्थाको प्रकृति अनुसार बचत तथा ऋण सहकारी र बचत तथा ऋण बाहेकका सहकारी संस्थाहरूका लागि छुट्टाछुट्टै सूचकाङ्कहरू विकास गरिएको र सूचकाङ्कहरूको आधारमा संस्थाको स्तर मापन गरी सोही मापनको परिणामका आधारमा संस्थाको स्तरोन्नतिमा आवश्यक प्राविधिक सहयोग गर्ने बैंककी सञ्चालक शिवा थापाले बताउनु भयो ।

सम्झातौ कार्यक्रममा पशुपति बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष एवम् बैंकका सञ्चालक शिवा थापा, उपाध्यक्ष मिना बिष्ट, सचिव सिता के.सी. (शाही) र लक्ष्मी नारायण बहुउद्देश्यीय सहकारी संस्थाबाट कुवेर सिंह कडायत लगायतको सहभागिता रहेको थियो ।

# बनेपामा सहकारीको सम्पत्ति र दायित्व व्यवस्थापन विषयक तालिम सम्पन्न

ललितपुर । सहकारीको सम्पत्ति र दायित्व व्यवस्थापन विषयक एक दिने तालिम काभ्रेको बनेपामा माघ १९ गते सम्पन्न भएको छ । सहकारी संस्थाको आर्थिक प्रतिवेदनको तयारीमा संलग्न हुने व्यवस्थापक तथा लेखा शाखाका कर्मचारीहरूलाई लक्षित गरी आयोजना गरेको तालिममा विभिन्न सहकारी संस्थाका व्यवस्थापक र लेखा शाखाका कर्मचारीहरू गरी २२ जनाको सहभागिता रहेको थियो । तालिम समापन कार्यक्रममा बोल्दै बैंकका सञ्चालक रामहरी बजगाईंले सहकारीमा सम्पत्ति र दायित्व व्यवस्थापनको पर्याप्त पुँजी, स्थिर आम्दानी, तरलता र ब्याजदर जोखिम व्यवस्थापन मार्फत सहकारीलाई आर्थिक रूपमा सक्षम राख्न सुनिश्चित गर्न सहज हुने बताउनु भयो ।

उहाँले संस्थाको लेखा परीक्षण प्रतिवेदनमा वासलातको अध्ययनले समग्र सहकारी संस्थाको आर्थिक अवस्था सहकारी संस्थाको स्वामित्वका सम्पत्तिहरू र अल्पकालीन एवम्

दीर्घकालीन दायित्वहरूको विषयमा ज्ञान हुने हुँदा यसको तयारीमा दक्षता हुनु आवश्यक रहेको उल्लेख गर्नु भयो । संस्थाको आर्थिक प्रतिवेदनहरू सहकारी संस्थाको मजबुती र अन्य अवस्थाका प्रतिबिम्ब भएकाले ती प्रतिवेदनहरूमध्ये वासलात अझ महत्वपूर्ण आर्थिक प्रतिवेदन रहेको भन्दै हरेक सहकारी संस्थाको लेखाको उचित र विश्वासनिय आर्थिक प्रतिवेदनहरूले सहकारीका सदस्यहरूको संस्था प्रतिको विश्वासलाई मजबुत बनाउने कुरामा जोड दिनु भयो । बैंकको बनेपा शाखाका प्रमुख बिरबल राजबन्शीले सञ्चालन गर्नु भएको तालिमको राष्ट्रिय सहकारी बैंक लिमिटेड तालिम विभागका अधिकृत बल्लभ तिमल्सिनाले सहकारीको सम्पत्ति र दायित्व व्यवस्थापनको विषयमा सहजिकरण गर्नु भएको थियो । कार्यक्रमका सहभागीहरुले तालिमले संस्थाको सम्पत्ति र दायित्वको उचित लेखाङ्कन गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन् ।

# सहकारी बैंकको प्राविधिक सहयोगमा सुन्दरहरैंचा नगरपालिकामा कोपोमिस तालिम सम्पन्न

ललितपुर । मोरङको सुन्दरहरैंचा नगरपालिकाको आयोजना तथा राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राविधिक सहयोगमा नगरपालिका क्षेत्रभित्र रहेका सहकारी संघ संस्थाका प्रतिनिधिहरुलाई सहकारी संघ संस्थाको एकीकृत विद्युतीय व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तालिम सम्पन्न भएको छ ।

माघ १९ गते त्रिवेणी रिभरसाईड रिसोर्ट मोरङमा आयोजित तालिममा त्यस क्षेत्रमा क्रियाशील सहकारी संस्थाका सञ्चालक तथा व्यवस्थापकहरूलाई लक्षित गरी आयोजना गरिएको तालिममा ३२ जना भन्दा बढीको सहभागिता रहेको थियो । तालिमको उद्‌घाटन गर्दै नगपालिकाकी उपप्रमुख अकली चौधरीले नगरपालिका अन्तर्गत रहेका सहकारी संस्थाहरुलाई सहकारी बैंकको सहकार्यमा तालिम तथा शिक्षाका कार्यक्रम संचालन गर्दै जाने बताउनु भयो । उहाँले सहकारीको बिकास र प्रवर्द्धनको लागि नगरपालिकाले संस्थाहरुलाई सक्षम बनाउन तालिम तथा शिक्षामा जोड दिएको बताउनुहुँदै बैंकसँगको सहकार्यमा थप कार्यक्रमहरु गर्नसकिने उल्लेख गर्नुभयो । कार्यक्रममा जिल्ला सहकारी संघ मोरङका अध्यक्ष डिल्ली पोखरेल, जिल्ला कृषि सहकारी संघका अध्यक्ष तथा सुन्दरहरैंचा सहकारी सञ्जालका सचिव रविन्द्र आचार्य, जिल्ला बचत तथा ऋण सहकारी संघका संचालक उमेश वस्ती लगायतको आतिथ्यता रहेको थियो । सहकारी ऐन, नियमावलीमा भएको व्यवस्था र सहकारी विभागको निर्देशन अनु पालना गर्ने सम्बन्धमा बैंकले सहजिकरण गर्ने क्रममा आयोजना गरिएको यस तालिमबाट कोपोमिसमा तथ्याङ्क सङ्कलन एवम् समग्र नीति, योजना तथा कार्यक्रम निर्माणमा टेवा पुग्ने विश्वासका साथ सहकारी विभागको समन्वयमा बैंकले देशैभर कोपोमिस प्रणालीमा प्रविष्टि गर्न सहजिकरण गरिरहेको छ । नगरपालिकाको प्रशासन तथा सहकारी शाखाका प्रमुख विनोद न्यौपानेले स्वागत मन्तव्य राख्नु भएको तालिमको नगरपालिकाका कर्मचारी निरज न्यौपानको सञ्चालन तथा अनिलविर बज्राचार्यको सहजिकरणमा भएको थियो । तालिमका सहभागीहरूले कार्यक्रम अत्यन्त प्रभावकारी रहेको र अपेक्षित उपलब्धि हासिल हुने भन्दै कोपोमिसमा डाटा इन्ट्रीसँगै सहकारीको राष्ट्रिय तथ्याङ्क अभिलेख व्यवस्थापनमा सहयोग पुग्ने बताएका छन् ।

# बाँकेका सहकारीकर्मीहरुलाई कर्जा तथा जोखिम व्यवस्थापन तालिम

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड कोहलपुर र नेपालगन्ज शाखाको आयोजनामा बाँकेका हकारीकर्मीहरुलाई एक दिने कर्जा तथा जोखिम व्यवस्थापन तालिम प्रदान माघ २० गते गरेको छ । जिल्लामा रहेका विभिन्न प्रकृतिका सहकारी संस्थाका सञ्चालक, व्यवस्थापकहरूलाई कर्जाको महत्व, कर्जाको प्रक्रिया, कर्जाको उपयोगिता, कर्जा विश्लेषण तथा व्यवस्थापन, जोखिम व्यवस्थापन, लघु कर्जा र धितो सुरक्षणका लागि लिइने कागजात, लगानी, असुली तथा निष्क्रिय कर्जा व्यवस्थापन लगायतका विषयमा जानकारी दिने उद्देश्यले तालिम सञ्चालन गरिएको थियो । तालिमलाई राष्ट्रिय सहकारी बैंकको

तालिम विभागका सहायक अधिकृत राजकुमार बरालले कर्जा लगानी प्रक्रिया, कार्यक्षेत्र विस्तार, कर्जा सदुपयोगयता, कर्जा सुशासन, कर्जामा निहित जोखिम तथा मुल्याकंन विश्लेषण, लघु कर्जा व्यवस्थापन, कर्जा विश्लेषण र कर्जा असुली तथा अनुगमन लगायतका विषयमा सहजीकरण गर्नु भएको। बैंकको कोहलपुर शाखाका प्रमुख निताकुमार थापाको सञ्चालनमा भएको तालिमको समापन बैंकको सञ्चालक विजया धितालले गर्नुभएको थियो । उहाँले समापन कार्यक्रममा बोल्दै वित्तीय कारोबार गर्ने सहकारी संघ/संस्थाहरुमा कर्जा कारोबारको व्यवस्थापन अति महत्वपूर्ण हुने भन्दै सदस्य संस्थालाई थप व्यवस्थित र प्रभावकारी बनाउन तालिम सहयोगी हुने बताउनु भयो । तालिममा विभिन्न सहकारी संस्थाका ५२ जनाको सहभागिता रहेको थियो।

# राष्ट्रिय सहकारी बैंकको प्राविधिक सहयोगमा सहकारी शिक्षा तालिम

ललितपुर। मोरङको सुन्दरहरैंचा नगरपालिकाको आयोजना तथा राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राविधिक सहयोगमा नगरपालिका क्षेत्रभित्र सञ्चालित सहकारी संघ संस्थाका प्रतिनिधिहरूलाई सहकारी शिक्षा तालिम प्रदान गरेको छ।

माघ २० गते आयोजित तालिम कार्यक्रममा बोल्दै सुन्दरहरैंचा नगरपालिकाका प्रमुख केदार प्रसाद गुरागाईंले संघ, प्रदेश र स्थानीय सहकारी ऐनमा आएका समस्यालाई छलफलको माध्यमबाट हल गरी सहकारीलाई टेवा पुग्ने स्थानीय ऐन संशोधन गरिने र यस्ता प्रकारको तालिम संस्थाको आवश्यकता अनुसार थप गर्दै जाने बताउनु भयो। उहाँले सहकारीको विकास र प्रवर्द्धन गर्नको लागि नगरपालिकाले विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको जानकारी गराउनुहुँदै संस्थाले गर्ने सम्पूर्ण आर्थिक कारोबार सहकारी बैंकबाट गर्न आग्रह गर्नुभयो । उपप्रमुख अकली चौधरीले नगरपालिका अन्तर्गत रहेका सहकारी संस्थाहरुलाई तालिम सञ्चालन गर्दै लैजाने र यस पछि सहकारी संस्थाहरुलाई अनुगमन गरि सहकारी ऐन सम्बन्धी संस्थाहरूबाट कार्य भए नभएको यकिन गरि कारबाही समेत गरिने बताउनु भयो। कार्यक्रममा राष्ट्रिय सहकारी बैंक लिमिटेड सुन्दरहरैचा शाखा समन्वय उपसमितिका संयोजक टिका प्रसाद कट्टेल र जिल्ला कृषि सहकारी संघ लिमिटेडका अध्यक्ष एवम् सुन्दरहरैंचा सहकारी सञ्जालका सचिव रवीन्द्र आचार्यले सहकारी संस्थाको लागी सहकारी शिक्षा कार्यक्रम अनिवार्य र महत्वर्पुण रहेको बताउँदै सहकारी शिक्षाका कार्यक्रममा बैंकले जोड दिनुपर्ने बताएका छन्।

सुन्दहरैंचा नगरपालिकाको प्रशासन तथा सहकारी शाखाका प्रमुख विनोद न्यौपानेले सञ्चालन गर्नु भएको कार्यक्रमलाई अनिलवीर बज्राचार्य र शङ्कर बारकोटीले सहजीकरण गर्नु भएको थियो। तालिममा विभिन्न सहकारी संघ/ संस्थाका ३६ जना सहभागिता रहेको थियो।

# सहयोगी सहकारी संस्था सप्तरीका सञ्चालकलाई क्षमता अभिवृद्धी तालिम

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राविधिक सहयोगमा सहयोगी बचत तथा ऋण सहकारी संस्था लिमिटेड कन्चनपुर, सप्तरीका सञ्चालक समितिहरूलाई क्षमता अभिवृद्धि तालिम प्रदान गरिएको छ। संस्थाले सञ्चालकहरूलाई सहकारी ऐन, नियमावली, नीति, नियम र प्रविधि सहित सहकारी सञ्चालनका लागि सचेतना प्रदान गर्ने गरी तालिम आयोजना गरिएको संस्थाले जनाएको छ । तालिममा सहकारी सञ्चालनको प्रक्रिया, सहकारीका लागि कानुनी परिवेश र सञ्चालकहरूको दायित्व, सहकारीमा नीतिगत व्यवस्था, पर्ल्स, सहकारीको योजना, संस्थामा सञ्चालकको जिम्मेवारी तथा भूमिका लगायतका विषयमा सहभागीहरूलाई जानकारी गराइएको थियो। माघ २१ र २२ गते सञ्चालन भएको तालिममा संस्थाका संचालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उपसमितिहरु, सल्लाहाकार, कर्मचारी तथा केही सदस्यहरू सहित १६ जनाको सहभागिता रहेको थियो । तालिमलाई राष्ट्रिय सहकारी बैंकका अधिकृत सुर्य प्रसाद रिमालले सहजीकरण गर्नु भएको थियो । संस्थाका अध्यक्ष अनोज यादवको अध्यक्षतामा भएको समापन कार्यक्रममा संचालक समिति, लेखा सुपरिवेक्षण समिति, व्यवस्थापन तथा सदस्यहरूबाट १६ बुँदे प्रतिबद्धता जारी भएको छ।

# हुप्सेकोटमा सहकारी व्यवस्थापन तालिम

नवलपुर । हुप्सेकोट गाँउपालिका नवलपुरको आयोजना तथा राष्ट्रिय सहकारी बैंक लिमिटेड कावासोती शाखाको सह–आयोजनामा १ दिने सकारी ब्यवस्थापन तालिम माघ २३ गते सम्पन्न भएको छ ।

गाउँपालिका कार्यक्षेत्र भएका सहकारी संस्थाका संचालक, लेखा समिति तथा व्यवस्थापकहरुको क्षमता अभिवृद्धि गरी सुशासनयुक्त र व्यावसायिक रुपमा सञ्चालन गर्न सहयोग पुऱ्याउने उद्देश्यका साथ तालिम आयोजना गरिएको हो ।

तालिम समापन कार्यक्रममा बोल्दै गाउँपालिका अध्यक्ष लक्ष्मी देवी पाण्डेले सहकारीका संचालक तथा कर्मचारीले आफ्ना संस्थामा स्वनियमनमा रहि सदस्यलाई शिक्षा तालिम प्रदान गर्न तथा एकीकरण प्राथमिता दिएर संचालन गर्नुपर्ने आजको आवश्यकता रहेको बताउँनु भएको थियो ।

सहकारी संस्थाले वार्षिक साधारण सभा संगसंगै अन्य सदस्य सेवा, सामाजिक सेवाका कार्य गर्नुपर्नेमा जोड दिनुभएको थियो । उहाँले अबका दिनमा गाउँपालिकाले सम्बन्धित शाखामार्फत सहकारी संस्थाको नियमित अनुगमन तथा निरीक्षण गरी निर्देशन संगै सल्लाह सुझाव दिइने जानकारी गराउनुभयो ।

राष्ट्रिय सहकारी बैंकले आफ्ना सदस्य संघ/संस्थाहरुलाई दिईरहेको सेवा सुविधा, बैंकका नयाँ सेवा सुविधा तथा बैकमा आवद्धता हुँदा संस्थाले पाउने फाइदाका बारेमा बैंकका कावासोती शाखा प्रमुख रुक्मत श्रेष्ठले जानकारी गराउनु भएको थियो । आवद्ध हुन बाकी सहकारी संस्थाहरुलाई बैंकमा आवद्ध हुन आब्हान गर्नुभएको थियो ।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष पूर्णसिंह राना, प्रमुख प्रशासकिय अधिकृत सुरेन्द्र प्रसाद बस्याल, लेखा अधिकृत राजेन्द्र प्रसाद रेग्मी, सामाजिक विकास सेवा शाखा प्रमुख रबिन्द्र सापकोटा, तालिमका सहजकर्ता बैंकका सहायक अधिकृत राजकुमार बरालले सहकारी व्यवसायमार्फत समाज रुपान्तरणका लागि यसले सञ्चालन गर्ने व्यवसायलाई व्यवस्थित बनाउनु पर्नेमा जोड दिनु भएको थियो । तालिम समापन कार्यक्रम गाउँपालिका अध्यक्ष लक्ष्मी देवी पाण्डेको अध्यक्षता तथा गाउँपालिका सहकारी शाखाका प्रमुख तिर्थराज रेग्मीको सञ्चालनमा सम्पन्न भएको थियो ।

उक्त तालिममा १३ वटा सहकारी संस्थाका ३१ जनाको सहभागिता रहेको थियो ।

# सहकारी बैंकको स्तरीकरण कार्यक्रम केयरमा आबद्ध डोटीका संस्थाहरुबीच समिक्षा

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडले सञ्चालन गरेको सहकारी संस्थाहरुको स्तरीकरण कार्यक्रम अन्तर्गत डोटी जिल्लामा आवद्ध सहकारी संस्थाहरुका प्रतिनिधिहरु बीच "केयर समिक्षा" कार्यक्रम सम्पन्न भएको छ । माघ २२ गते केयर कार्यक्रममा आबद्व लक्ष्मी सरस्वती बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड डोटिको आयोजना तथा राष्ट्रिय सहकारी बैंकको प्राविधिक सहयोगमा सम्पन्न भएको हो । कार्यक्रममा बैंकको केयर कार्यक्रममा आबद्व संस्थाहरुको वित्तीय अवस्था, सुशासन र आन्तरिक व्यवस्थापन लगायतका विषयमा छलफल तथा अन्तरक्रिया भएको थियो । केयर कार्यक्रममा सहभागि ८ वटा सहकारी संस्थाहरुको तर्फबाट आ-आफ्नो संस्थाको प्रगती विवरण प्रस्तुत गर्दै सहकारीलाई सुरक्षित रुपमा सञ्चालनका लागि आवश्यक नीति तथा कार्यविधिहरु निर्माण गर्न, सुशासन कायम राख्न, वित्तीय रुपमा सक्षम बनाउन तथा समग्रमा सहकारीको स्वास्थ्य अवस्था सुधार गर्नका लागि सहकारी बैंकले सञ्चालन गरेको स्तरीकरण कार्यक्रम प्रभावकारी भएको बताएका छन् ।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका बरिष्ठ प्रबन्धक रामबाबु आचार्य र स्तरीकरण विभागका अधिकृत नवकुमार अधिकारीले सहजीकरण गर्नु भएको थियो । उहाँले संस्थाहरुको अवस्थाको बारेमा जानकारी गराउदै सुधारका लागि आवश्यक सुझावहरु समेत दिनु भएको थियो ।

# हुप्सेकोट गाउँपालिका क्षेत्रका सहकारीकर्मीहरुलाई कोपोमिस तालिम

ललितपुर । नवलपरासी जिल्ला स्थित हुप्सेकोट गाउँपालिकाको आयोजना तथा राष्ट्रिय सहकारी बैंक लिमिटेड कावासोती शाखाको सह–आयोजनामा १ दिने गाउँपालिकामा दर्ता भई सञ्चालित सहकारी संस्थाका व्यवस्थापक तथा लेखा हेर्ने कर्मचारीहरूलाई लक्षित गरी आयोजना गरिएको सहकारी संघ संस्थाको एकीकृत विद्युतीय व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तालिम सम्पन्न भएको छ।

माघ २२ र २३ गते भएको तालिमको समापन गर्दै गाउँपालिकाकी अध्यक्ष लक्ष्मी देवी पाण्डेले सहकारीको ऐन तथा नियमावलीहरूलाई आत्मसाथ गर्दै अगाडी बढ्नुपर्ने आजको आवश्यकता रहेको बताउनु भयो । उहाँले गाउँपालिका क्षेत्रका सहकारी संस्थाहरुमा कोपोमिस सम्बन्धी कम ज्ञान तथा प्रयोग नै नगरेका कारण तालिमको आयोजना गरिएको उल्लेख गर्नुभयो। तालिम पश्चात् सम्पूर्ण संस्थाले कोपोमिसको पूर्ण प्रयोग गरी संस्थाको विवरण तथा रिपोर्ट कोपोमिसमा प्रविष्टि गर्न पनि आव्हान गर्नुभयो।

राष्ट्रिय सहकारी बैंकको कावासोती शाखाका प्रमुख रुक्मत श्रेष्ठले बैंकले आफ्ना सदस्य संघ/संस्थाहरुलाई दिइरहेको सेवा सुविधा तथा बैंकका नयाँ सेवा सुविधा, बैंकमा आबद्धता हुँदा संस्थाले पाउने फाइदाका विषयमा जानकारी गराउनु गराउँदै बैंकमा आबद्ध हुन बाँकी सहकारी संस्थाहरुलाई सदस्य भई बैंकको सेवा सुविधा उपभोग गर्न आग्रह गर्नुभयो । २ दिन सम्म सञ्चालन भएको तालिमको सहजिकरण बैंकको तालिम विभागका सहायक अधिकृत राजकुमार बरालले गर्नुभएको थियो । तालिम समापन कार्यक्रममा गाउँपालिका अध्यक्ष लक्ष्मी देवी पाण्डेको अध्यक्षता तथा गाउँपालिकाको सहकारी शाखाका प्रमुख तीर्थराज रेग्मीको सञ्चालनमा सम्पन्न भएको थियो। उक्त तालिममा १७ वटा सहकारी संस्थाका २६ जनाको सहभागिता रहेको थियो।

# कास्कीका सहकारीकर्मीहरुलाई योगिक तनाव व्यवस्थापन प्रशिक्षण

ललितपुर। राष्ट्रिय सहकारी बैंक लिमिटेडको विशेष सहयोग तथा को-अपरेटिभ म्यानेजर्स क्लब कास्कीको आयोजनामा कास्की जिल्लाका सहकारीकर्मीहरुलाई योगिक तनाव व्यवस्थापन प्रशिक्षण प्रदान गरेको छ।

माघ २५ गते सहकारीका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उपसमितिहरू तथा कर्मचारीहरूलाई लक्षित गरी आयोजना प्रदान गरिएको प्रशिक्षण कार्यक्रममा बोल्दै राष्ट्रिय सहकारी बैंकका सञ्चालक राम बहादुर जि.सीले तनावपूर्ण जीवनका मुख्य कारण- काम, क्रोध, लोभ, मोह, ईर्ष्या, प्रतिस्पर्धा, वातावरण र रोग व्याधि भएको बताउनु हुँदै, तनावको अबस्था सिर्जना भएमा यसलाई समयमानै व्यवस्थापन गर्न नसकिएमा भयानक रूप लिने उल्लेख गर्दै तनाव व्यवस्थापनका विधिहरू प्रयोग गरी मनोविद्सँग परामर्श लिएर बेलैमा समस्या समाधान गर्नुपर्ने बताउनु भयो।

को-अपरेटिभ म्यानेजर्स क्लब कास्कीका अध्यक्ष अपिल कोइरालाले पछिल्लो समयमा सहकारी लगायत वित्तीय क्षेत्रमा देखिएको तरलता अभाव लगायतका विविध समस्याका कारणले सहकारीका सञ्चालकहरू तथा कर्मचारीहरुकमा विभिन्न खालका मानसिक तनाव झेल्दै आएकाले यसको व्यवस्थापन गर्नको लागि बैंकको सहयोगमा कार्यक्रम आयोजना गरिएको बताउनुभयो। कार्यक्रममा नेपाल मनोक्रान्ति योगका अगुवा डा.योगी विकाशनन्दले योगिक तनाव व्यवस्थापनका विषयमा प्रशिक्षण दिनु भएको थियो। डा.योगी विकाशनन्दले पछिल्लो समय सहकारी सहित वित्तीय क्षेत्रमा परेको मनोसामाजिक असर तथा चुनौतीहरूको सामना गर्दै सञ्चालक तथा कर्मचारीहरूले आत्मबल एवम् मनस्थिति बलियो बनाउनु पर्ने बताउनु भयो । उहाँले तनावलाई उचित रूपमा व्यवस्थापन गर्न सके त्यसले आफ्नो दैनिक कार्यमा सकारात्मक ऊर्जा प्रदान गर्ने कुरामा जोड दिनु भयो।

क्लबका अध्यक्ष अपिल कोइरालाको अध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका सञ्चालक राम बहादुर जि.सी, लेखा सुपरिवेक्षण समिति सदस्य चन्द्रा ढकाल पराजुली, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघका सञ्चालक कमला गिरी, जिल्ला सहकारी संघ कास्कीका अध्यक्ष सावित्री कोइराला, केन्द्रीय दुग्ध उत्पादक संघका लेखा सुपरिवेक्षण समिति सदस्य नवराज बराल, जिल्ला कृषि संघ कास्कीका अध्यक्ष नारायण प्रसाद आचार्य सहित विभिन्न सहकारी संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, कर्मचारीहरू लगायत १६० भन्दा बढीको उपस्थितिमा कार्यक्रममा सम्पन्न भएको थियो ।

# भैरहवामा कर्जा तथा जोखिम व्यवस्थापन तालिम सम्पन्न




ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड भैरहवा शाखाको आयोजनामा त्यस क्षेत्रका सहकारीकर्मीहरुलाई २ दिने कर्जा तथा जोखिम व्यवस्थापन प्रदान गरेको छ ।

माघ २४ र २५ गते त्यहाँका विभिन्न प्रकृतिका सहकारी संस्थाका सञ्चालक, व्यवस्थापकहरूलाई कर्जाको महत्व, कर्जाको प्रक्रिया, कर्जाको उपयोगिता, कर्जा विश्लेषण तथा व्यवस्थापन, जोखिम व्यवस्थापन, लघु कर्जा र धितो सुरक्षणका लागि लिइने कागजात, लगानी, असुली तथा निष्क्रिय कर्जा व्यवस्थापन लगायतका विषयमा जानकारी दिने उद्देश्यले तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ । तालिमलाई राष्ट्रिय सहकारी बैंकको तालिम विभागका सहायक अधिकृत राजकुमार बरालले कर्जा लगानी प्रक्रिया, कार्यक्षेत्र विस्तार, तालिम सदुपयोगयता, कर्जा सुशासन, कर्जामा निहित जोखिम तथा मुल्याकंन विश्लेषण, लघु कर्जा व्यवस्थापन, कर्जा विश्लेषण र कर्जा असुली तथा अनुगमन लगायतका विषयमा सहजीकरण गर्नु भएको । बैंकको भैरहवा शाखाका प्रमुख आलोक सिवाकोटीको सञ्चालनमा भएको तालिमको समापन बैंकका सञ्चालक माधवलाल देवकोटाले गर्नुभएको थियो । उहाँले समापन कार्यक्रममा बोल्दै वित्तीय कारोबार गर्ने सहकारी संघ/संस्थाहरुमा कर्जा कारोबारको व्यवस्थापन अति महत्वपूर्ण हुने भन्दै सदस्य संस्थालाई थप व्यवस्थित र प्रभावकारी बनाउन तालिम सहयोगी हुने बताउनु भयो । तालिममा विभिन्न सहकारी संस्थाका ४१ जनाको सहभागिता रहेको थियो ।

# सहकारी बैंकको स्तरीकरण कार्यक्रम (केयर) समीक्षा गोष्ठि सप्तरीम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंकले सञ्चालन गरेको केयर कार्यक्रममा आवद्ध सप्तरीका संस्थाहरु विचमा सिकाई अनुभव साटासाटका लागि केयर समिक्षा गोष्ठि कार्यक्रम सम्पन्न भएको छ ।

माघ २६ गते जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड राजविराज सप्तरीको आयोजना एवम् राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राविधिक सहयोगमा समिक्षा गोष्ठि सञ्चालन भएको थियो । कार्यक्रममा आवद्ध सप्तरी जिल्लाका दोस्रो समुहका ६ वटा सहकारी संस्थाहरुका विचमा समिक्षा गोष्ठि

भएको थियो । समिक्षा गोष्ठिको उद्घाटन राष्ट्रिय सहकारी बैंकका सञ्चालक विश्वनाथ मण्डलले गर्नु भएको थियो । कार्यक्रमको उद्घाटन गर्दै बैंकका सञ्चालक मण्डलले सहकारी संस्थाहरुको आजको आवश्यकतानै संस्थागत सुशासन एवम् दीगो विकास रहेको र सोहि सन्दर्भमा बैंकले सहकारी स्तरीकरण कार्यक्रम संचालनमा ल्याएको बताउनु भयो ।

सहकारी स्तरीकरण कार्यक्रम अन्तर्गत केयर कार्यक्रमले यसमा आवद्ध संस्थाहरुको स्तरोन्नतीका लागि स्थलगत अनुगमन, गैरस्थलगत अनुगमन लगायत यस किसिमका समिक्षा गोष्ठिले प्रत्यक्ष सहयोग पुर्‍याउने बताउनु भयो । सहकारी संस्थाहरुको स्तर मापन गरी आवश्यक प्राविधिक सहयोग मार्फत स्तरोन्नतीका लागि बैंकले यस कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको कुरामा जोड भयो ।

आयोजक संस्था जनमुखी बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष सचेन्द्र दासको अध्यक्षतामा भएको समिक्षा गोष्ठिमा बैंकको सदस्य सेवा महाशाखाका प्रमुख रामबाबु आचार्य विशिष्ट अतिथि रहनु भएको थियो । कार्यक्रममा छ वटै संस्थाहरुले पालै पालो प्रस्तुतीकरण गरेका थिए । समिक्षा गोष्ठिमा छ वटै संस्थाको नेतृत्व र व्यवस्थापनको जिम्मेवार कर्मचारी गरी २/२ जनाको सहभागिता रहेको थियो ।

संस्थाहरुको प्रस्तुतीकरणका आधारमा बैंकको सदस्य सेवा महाशाखाका प्रमुख रामबाबु आचार्य र अधिकृत सुर्य प्रसाद रिमालले छलफल एवम् अन्तरक्रिया गर्नु भएको थियो । संस्थाको प्रस्तुतीकरणका आधारमा वित्तीय स्वस्थता र आन्तरिक सुशासनका क्षेत्रमा संस्थाहरुले सुधार गरी संस्थाको स्तरोन्नती गर्नु पर्ने निचोड निकालिएको थियो ।

समिक्षा गोष्ठिमा बैंकको सदस्य सेवा महाशाखाका प्रमुख राम बाबु आचार्यले हालको अवस्थामा संस्थाहरुले तरलता व्यवस्थापन, भाखा नाघेको ऋण असुली तथा सुरक्षण कोषमा आवश्यक रकम व्यवस्थापनमा विशेष ध्यान दिनु पर्ने बताउनु भयो । संस्थाहरुको प्रस्तुतीकरण एवं छलफलका आधारमा २२ बुँदे प्रतिवद्धता गरिएको छ ।

# १ दिने कर्जा असुली तथा व्यवस्थापन तालिम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय तिलोत्तमा शाखाको आयोजनामा त्यहाँका सहकारी संस्थाहरुलाई कर्जा असुली तथा व्यवस्थापन सम्बन्धी १ दिने तालिम माघ २६ गते प्रदान गरेको छ ।
बैंकको तिलोत्तमा शाखामा कारोबार गर्ने बचत तथा ऋण सहकारी, बहुउद्देश्यीय, कृषि सहकारी तथा अन्य विभिन्न प्रकृतिका सहकारी संघ संस्थाका सञ्चालक, व्यवस्थापकहरूलाई कर्जाको महत्व, कर्जाको उपयोगिता, व्यवस्थापन, जोखिम व्यवस्थापन, कर्जा विश्लेषण, लघु कर्जा र धितो सुरक्षणका लागि लिइने कागजात, लगानी, असुली तथा निष्क्रिय कर्जा व्यवस्थापन लगायतका विषयमा जानकारी दिने उद्देश्यले तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ । तालिमलाई राष्ट्रिय सहकारी बैंकको तालिम विभागका सहायक अधिकृत राजकुमार बरालले कर्जाको अर्थ, महत्व र व्यवस्थापन कर्जामा निहित जोखिम तथा मुल्याकंन विश्लेषणबारे, लघु कर्जा व्यवस्थापनबारे कर्जामा आवश्यक सुशासनबारे, कर्जा विश्लेषण र कर्जा लगानीमा ध्यान दिनुपर्ने कुराहरू कर्जा असुली तथा अनुगमनबारे सहभागीहरूको जिज्ञासाहरू समेट्दै सहभागिता मूलक तालिम दिनुभएको थियो ।
तालिम समापन समारोहमा बोल्दै बैंकका सञ्चालक माधवलाल देवकोटाले वित्तीय कारोबार गर्ने सहकारी संघ संस्थाहरुमा कर्जा कारोबारको व्यवस्थापन अति महत्वपूर्ण हुने भएकाले सदस्य संस्थालाई थप व्यवस्थित र प्रभावकारी बनाउन तालिम सहयोगी हुने बताउनु भयो ।
उहाँले विभिन्न सहकारी संघ संस्थाको आवश्यकतालाई मध्यनजर गरी तालिम सञ्चालन गर्दै आएको भन्दै आगामी दिनहरुमा पनि बैंकले सदस्य सहकारीको आवश्यकताका आधारमा सहभागिता मूलक, व्यावहारिक र प्रभावकारी अन्य थप तालिमहरू सञ्चालन गर्ने कार्यक्रम रहेको उल्लेख गर्नु भयो । बैंकको तिलोत्तमा शाखाका प्रमुख यशोदा पौडेलको सञ्चालनमा भएको तालिममा विभिन्न सहकारी संस्थाका ३५ जनाको सहभागिता रहेको थियो ।

# केयर कार्यक्रममा आबद्ध तीन जिल्लाका सहकारीकर्मीलाई ऋण व्यवस्थापन तालिम

ललितपुर । सिराहाको स्वस्तिक बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आयोजना तथा राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राविधिक सहयोगमा बैंकले सञ्चालन गरेको सहकारी संस्थाहरुको स्तरीकरण कार्यक्रम केयरमा आबद्ध तीन जिल्लाका सहकारीकर्मीलाई लक्षित गरी सञ्चालन गरिएको ऋण व्यवस्थापन तालिम फाल्गुण १ गते सम्पन्न भएको छ।

सिराहा, सप्तरी र महोत्तरी जिल्लाको केयरमा कार्यक्रम आबद्ध १६ संस्थाको ऋण उपसमितिका संयोजक र ऋण हेर्ने कर्मचारी गरी ३२ जना सहभागी भएको कार्यक्रममा बोल्दै राष्ट्रिय सहकारी बैंकका सञ्चालक एवम् मधेस प्रदेशका संयोजक विश्वनाथ मण्डलले कर्जा व्यवस्थापन तालीम वित्तीय सहकारीको कर्जा व्यवस्थापनमा महत्त्वपूर्ण सहयोग पुग्ने बताउनु भयो । उहाँले वित्तीय कारोबार गर्ने सहकारी संघ/संस्थाहरुमा कर्जा कारोबारको व्यवस्थापन अति महत्त्वपूर्ण हुने भन्दै सदस्य संस्थालाई थप व्यवस्थित र प्रभावकारी बनाउन तालिम सहयोगी हुने बताउनु भयो। तालिमलाई राष्ट्रिय सहकारी बैंकका अधिकृत सूर्य प्रसाद रिमालले कर्जा लगानी प्रक्रिया, कार्यक्षेत्र विस्तार, तालिम सदुपयोगयता, कर्जा सुशासन, कर्जामा निहित जोखिम तथा मुल्याकंन विश्लेषण, लघु कर्जा व्यवस्थापन, कर्जा विश्लेषण र कर्जा असुली तथा अनुगमन लगायतका विषयमा सहजीकरण गर्नु भएको।

संस्थाका अध्यक्ष अध्यक्ष हिरा घिमिरेको अध्यक्षतामा भएको कार्यक्रममा महाप्रबन्धक महाप्रबन्धक सत्य नारायण झाले कार्यक्रम सञ्चालनमा गर्नुभएको थियो।

# सहकारी बैंकको सहयोगमा प्रोस्कुन लुम्बिनीको ४ वर्षे रणनीतिक योजना तयार

ललितपुर । लुम्विनी प्रदेश बचत तथा ऋण सहकारी संघ लिमिटेड (प्रोस्कुन)ले वर्षे रणनीतिक योजना तयार गरेको छ। बुटवलमा फाल्गुण १ र २ गते गरी दुई दिनसम्म सञ्चालन भएको रणनीतिक योजना तर्जुमा कार्यशाला गोष्ठीले आगामी ४ वर्षको लागि लक्ष्य, रणनीति, बजेट र योजना निर्माण गरेको हो। आगामी चार वर्षमा संघलाई कुन स्थानमा पुऱ्याउने र के-कस्ता काम गर्ने भन्ने विषयमा राष्ट्रिय सहकारी बैंकका तालिम अधिकृत बल्लभ तिमल्सिनाले सहजीकरण गर्नुभएको थियो।

गोष्ठीमा संघलाई आवश्यक पर्ने थप नयाँ कार्यविधि, नियमावली तथा बहस पैरवीलाई केन्द्रित गरेको छ, । प्रदेश भित्र कार्यक्षेत्र हुने सबै सहकारीलाई समेट्ने, अनुकूलका योजना, संघको सदस्यता विस्तार, सदस्य संस्थाको क्षमता विकास, शेयर वृद्धि, बचत वृद्धि, सदस्य संस्थाहरुको प्रतिनिधिहरूको तालिम र सहकारी शिक्षा लगायत विविध विषयमा केन्द्रित भएर रणनीतिक योजना बनाइएको संघका अध्यक्ष कृष्ण नेपालले बताउनुभयो। संघको योजना निर्माणसँगै कार्यान्वयनमा लाग्ने प्रतिबद्धता जनाएको छ। चार वर्षे योजनालाई सफल बनाउन सहकारी बैंकसँगको सहकार्य मार्फत सदस्य संस्थाहरुको तालिम तथा शिक्षाका कार्यक्रमलाई जोड दिई संस्थाको वृद्धि विकास गर्ने संघले जनाएको छ। गोष्ठीमा संघको सञ्चालक समितिका पदाधिकारी, लेखा सुपरिवेक्षण समिति, सबै उपसमितिहरू र कर्मचारीको गरी १५ जनाको सहभागिता रहेको थियो।

राष्ट्रिय सहकारी बैंकको प्राविधिक सहयोगमा सञ्चालन गरिएको गोष्ठीको संघका अध्यक्ष कृष्ण नेपालको अध्यक्षता समापन भएको थियो। संघमा हाल ६४ वटा संस्थाहरु सदस्य रहेका छन्।

## जनकपुरमा सहकारी बैंकको स्तरीकरण कार्यक्रम (केयर) अभिमुखीकरण कार्यक्रम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंकले सञ्चालन गरेको केयर कार्यक्रममा आबद्ध धनुषा र महोत्तरी जिल्लाका सहकारी संस्थाहरु बिचमा सिकाई अनुभव साटासाटका लागि "केयर अभिमुखीकरण कार्यक्रम" सम्पन्न भएको छ।

फाल्गुण ३ गते बैंकको आयोजनामा होटेल आनन्द, जनकपुरधाम धनुषामा सञ्चालन भएको कार्यक्रममा दुई जिल्लाका १९ वटा सहकारी संस्थाहरूका अध्यक्ष तथा व्यवस्थापकहरू बिचमा अभिमुखीकरण भएको थियो । अभिमुखीकरण कार्यक्रमको उद्घाटन राष्ट्रिय सहकारी बैंकका सञ्चालक एवम् मधेस प्रदेशका संयोजक विश्वनाथ मण्डलले गर्नु भएको थियो। कार्यक्रमको उद्घाटन पछि बोल्दै सञ्चालक मण्डलले केयर कार्यक्रमलाई थप प्रभावकारी रूपमा अगाडी बढाउने बताउनु भयो । उहाँले सहकारी संस्थाहरूले केयरका सूचकाङ्कहरूमा आधारित रहेर संस्थाहरूको स्वमूल्याङ्कन गर्नुपर्ने भन्दै सहकारी संस्थाहरूलाई आवश्यक तालिमहरू प्रदान गरिने उल्लेख गर्नु भयो । सहकारी संस्थाहरुको स्तर मापन गरी आवश्यक प्राविधिक सहयोग मार्फत स्तरोन्नतिका लागि बैंकले यस कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको कुरामा जोड दिनु भयो । त्यसै गरी उहाँले हालको विषम परिस्थितिमा तरलता व्यवस्थापनमा विशेष ध्यान दिन संस्थाका प्रतिनिधिहरूलाई आग्रह समेत गर्नु भयो ।कार्यक्रमको सहजीकरण बैंकका अधिकृत सूर्य प्रसाद रिमालले गर्नु भएको थियो ।

केयर कार्यक्रममा सहभागी सहकारी संस्थाका प्रतिनिधिहरुले सहकारीलाई सुरक्षित रूपमा सञ्चालनका लागि आवश्यक नीति तथा कार्यविधिहरू निर्माण गर्न, सुशासन कायम राख्न, वित्तीय रूपमा सक्षम बनाउन तथा समग्रमा सहकारीको स्वास्थ्य अवस्था सुधार गर्नका लागि सहकारी बैंकले सञ्चालन गरेको स्तरीकरण कार्यक्रम प्रभावकारी भएको बताएका छन् ।

# सहकारी बैंकको सहकारी स्तरीकरण कार्यक्रम केयर रिपोर्टिङ तालिम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंकको सहकारी स्तरीकरण कार्यक्रम अन्तरगतको केयर कार्यक्रममा आबद्ध तीन जिल्लाका सहकारी संस्थाका प्रतिनिधिहरू बिच केयर रिपोर्टिङ तालिम सम्पन्न भएको छ। फाल्गुण २ गते सिराहा, सप्तरी र महोत्तरी जिल्लाका केयर कार्यक्रममा आबद्ध १५ वटा सहकारी संस्थाका अध्यक्ष र व्यवस्थापक गरि ३० जनाको सहभागिता रहेको केयर रिपोर्टिङको विषयमा भएको तालिमलाई बैकका स्तरीकरण विभागका अधिकृत सूर्यप्रसाद रिमालले सहजीकरण गर्नु भएको थियो। राष्ट्रिय सहकारी बैक लिमिटेडको प्राविधिक सहयोग तथा राजविराज स्थित नेपाल सहकारी संस्था लिमिटेडको आयोजनामा भएको तालिममा आयोजक संस्थाका अध्यक्ष सत्रुधन प्रसाद गुप्ताको अध्यक्षता, बैकका सञ्चालक तथा मधेसका प्रदेश संयोजक बिश्वनाथ मण्डलको प्रमुख आतिथ्यता रहेको थियो। कार्यक्रममा बैंकको राजविराज शाखा समन्वय उपसमितिका संयोजक गणेश आस, उपसमिति सदस्य अनोजकुमार यादव, बैंकको राजविराज शाखाका प्रमुख चन्द्रमणी भट्टराई लगायतको आतिथ्यता रहेको थियो।

## नारायणगोपाल चोक क्षेत्रका सहकारीकर्मीलाई संस्थागत सुशासन विषयक तालिम

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड नारायणगोपाल चोकको आयोजनामा सहकारी संस्थामा संस्थागत सुशासन विषयक तालिम फाल्गुण ४ गते सम्पन्न भएको छ। त्यस क्षेत्रका सहकारी संस्थाका प्रतिनिधिहरु सहभागि तालिमको समापन समारोहमा बोल्दै बैंकका अध्यक्ष के.बी.उप्रेतीले सहकारीलाई वित्तीय रुपमा सक्षम तथा संस्थागत रुपमा सुशासनयुक्त बनाउन आवश्यक रहेको बताउनु भयो। उहाँले सहकारीहरुको संस्थागत अवस्थामा सुधार ल्याउनका लागि सहकारी बैंकले वित्तीय तथा

गैर वित्तीय विभिन्न सेवाहरु सञ्चालन गरेको भन्दै सहकारीलाई संस्थागत रुपमा सुशासनयुक्त बनाउन यसका संरचनाहरुको प्रभावकारिता आवश्यक रहेको उल्लेख गर्नु भयो । अध्यक्ष उप्रेतीले संस्थामा सुशासन कायम गर्न, सहकारीमार्फत समाज रुपान्तरणका लागि सहकारी बैंकले राज्यका विभिन्न निकायहरुसंग समन्वय गरेर अगाडि बढेको उल्लेख गर्नुभयो । कार्यक्रममा नारायणगोपाल चोक शाखा कार्यालय अन्तर्गत कारोबार गर्ने त्यस क्षेत्रका सहकारी संघ/संस्थाका पदाधिकारी, संचालक, व्यवस्थापक तथा कर्मचारीहरु लगायत २५ जनाको सहभागिता रहेको थियो । बैंकको नारायणगोपाल चोक शाखाका प्रमुख सिद्धिकुमार श्रेष्ठले संचालन गर्नु भएको कार्यक्रममा नेपाल राष्ट्र बैंकका पूर्व निर्देशक श्यामकृष्ण दाहालले संस्थागत सुशासनको विषयमा सहजिकरण गर्नु भएको थियो ।

# लुम्बिनिमा सहकारी संस्थाका लेखा सुपरिवेक्षण समितिको क्षमता अभिबृद्धि तालिम सम्पन

ललितपुर ।  राष्ट्रिय सहहकारी बैक लिमिटेडको बुटवल शाखाले सहकारी संस्थाका लेखासुपरिवेक्षण समितिको क्षमता अभिवृद्धि तालिम फाल्गुण ४ गते सम्पन्न गरेको छ ।

सहकारी संस्थाका लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यलाई समितिको भूमिका लगायतका विषयमा जानकारी गराउने उद्देश्यका साथ तालिमको आयोजना गरिएको बैकले जनाएको छ । कार्यक्रमको उद्‌घाटन राष्ट्रिय सहकारी महासंघका संचालक भिम प्रसाद तुलाचले गर्नुभएको थियो । सो अवसरमा बोल्दै उहाँले सहकारीलाई वित्तीय रुपमा सक्षम र सुशासनका हिसावले प्रभावकारी रुपमा सञ्चालनका लागि सहकारी सचेतनाको साथै लेखा सुपरिवेक्षण समितिको भुमिका महत्वपूर्ण रहेको बताए । बैंकका सञ्चालक माधव लाल देवकोटाले सहकारीलाई वित्तीय रुपमा सक्षम बनाउनुका साथै सामाजिक रुपमा सदस्यहरुलाई सचेत र सक्षम बनाउन सहयोगी बनाउनु पर्नेमा जोड दिनुभयो ।

राष्ट्रिय सहकारी बैंकका तालिम अधिकृत बल्लभ तिमिल्सिना र बुटवल शाखाका प्रमुख नारायण बेलवासेले तालिममा सहजीकरण गर्दै सहकारी व्यवसायलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि लेखा सुपरिवेक्षण समितिको वर्तमान अवस्था, आन्तरिक लेखापरिक्षणका क्षेत्र तथा विधि, आन्तरिक लेखा परिक्षणको प्रतिवेदन लगायतको विषयमा जानकारी गराउनु भएको थियो ।

तालिम कार्यक्रमको समापनमा पल्वि बचत तथा ऋण सहकारी संस्था देवदहकाका लेखा सुपरिवेक्षण समितिका संयोजक नामदेव अर्यालले तालिम प्रभावकारी भएको बताउँदै नियमित रुपमा लेखा सुपरिवेक्षण समितिको क्षमता अभिबृद्धि तालिमहरु संचालन गर्न अनुरोध गनुभएको थियो । समापन समारोहको संचालक बरिष्ठ सहायक शुसिल भट्टराईले गरेका थिए ।

# वीरगन्जमा केयर कार्यक्रम सम्बन्धी अभिमुखीकरण

ललितपुर । राष्ट्रिय सहकारी बैंकले सञ्चालन गरेको केयर कार्यक्रममा आबद्ध वीरगन्जका संस्थाहरु बिचमा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । फाल्गुण ५ गते बैंकको वीरगन्ज शाखाले आयोजना गरेको अभिमुखीकरण कार्यक्रममा केयरमा आबद्ध विभिन्न सहकारी संस्थाका ३५ जना प्रतिनिधिहरुको सहभागिता रहेको थियो । अभिमुखीकरण कार्यक्रमको उद्धाटन राष्ट्रिय सहकारी बैंकका सञ्चालक एवम् मधेस प्रदेशका संयोजक विश्वनाथ मण्डलले गर्नु भएको थियो ।  कार्यक्रमको सहजीकरण बैंकको स्तरीकरण विभागका अधिकृत सूर्य प्रसाद रिमालले गर्नुभएको थियो ।

# दुई दिवसिय एनएफआरएस तालिम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजनामा भएको दुई दिवसिय नेपाल वित्तीय प्रतिवेदन मान-एनएफआरएस **(Nepal Financial Reporting Standards ('NFRS')** सम्बन्धी सम्पन्न भएको छ।

काठमाडौंमा फाल्गुण ४ र ५ गते भएको तालिमको बैंकका अध्यक्ष के.बी. उप्रेतीले समापन गर्नु भएको थियो। दुई दिन सम्म सञ्चालन भएको उक्त तालिमको वरिष्ठ चार्टर एकाउन्टेन्ट विदुर लुइँटेले एनएफआरएसको पृष्ठभूमि र परिचय, सहकारी क्षेत्रहरूमा लागू हुने वित्तीय विवरणहरूको ढाँचा, सहकारी संस्थाहरुले दीर्घकालमा भुक्तानी गर्नुपर्ने विभिन्न दायित्वहरू, हाल अभ्यासमा रहेको लेखामानबाट एनएफआरएस मा जानुपर्ने वैज्ञानिक कारणहरू, सम्पत्ति एवं ह्रासपट्टिका आधारहरू, कर लेखांकन र एनएफआरएस बमोजिमको प्रतिवेदनमा फरक पर्ने क्षेत्रहरू लगायतका विषयमा सहजीकरण गर्नु भएको छ। सहकारी ऐन-२०७४ परिच्छेद १२ मा लेखा र लेखा परीक्षण अन्तर्गत दफा ७४ मा सहकारी संस्थाको कारोबारको लेखा दोहोरो लेखा प्रणालीमा आधारित र कारोबारको यथार्थ स्थिति स्पष्ट रूपमा देखिने गरी लेखामान ( एकाउन्टिङ स्टयाण्डर्ड) र यस ऐन बमोजिम पालना गर्नु पर्ने अन्य सर्त तथा व्यवस्था बमोजिम राख्नु पर्नेछ भनी उल्लेख गरेको छ, भने नेपाल चार्टर एकाउन्टेन्ट संस्था (आई क्यान) ले नेपाल वित्तीय प्रतिवेदन मान (एनएफआरएस) लागु गर्न उत्प्रेरित गरेको पछि बैंकले तालिमको आयोजना गरेको बैंकले जनाएको छ। तालिममा देशभरका विभिन्न सहकारी संस्थाका २९ जना व्यवस्थापक तथा लेखा हेर्ने कर्मचारीहरूको सहभागिता रहेको थियो।

# बर्दियामा सहकारीको सम्पत्ति र दायित्व व्यवस्थापन विषयक तालिम सञ्चालन

काठमाडौं। राष्ट्रिय सहकारी बैक लिमिटेड भुरीगाउँ शाखाको आयोजनामा सहकारीको सम्पत्ति र दायित्व व्यवस्थापन विषयक तालिम फाल्गुण ६ र ७ गते बर्दियामा सञ्चालन भएको छ।

सहकारी संस्थाको आर्थिक प्रतिवेदनको तयारीमा संलग्न हुने व्यवस्थापक तथा लेखा शाखाका कर्मचारीहरूलाई लक्षित आयोजना गरेको तालिममा विभिन्न सहकारी सहकारी संस्थाका व्यवस्थापक र लेखा शाखाका कर्मचारीहरू गरी ३४ जनाको सहभागिता रहेको छ। तालिमको उद्घाटन पछि बोल्दै नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेडका महासचिव दामोदर अधिकारीले सहकारीमा सम्पत्ति र दायित्व व्यवस्थापनको पर्याप्त पुँजी, स्थिर आम्दानी, तरलता र ब्याजदर जोखिम व्यवस्थापन मार्फत सहकारीलाई आर्थिक रूपमा सक्षम राख्न सुनिश्चित गर्न सहज हुने बताउनु भयो। उहाँले संस्थाको लेखा परीक्षण प्रतिवेदनमा वासलातको अध्ययनले समग्र सहकारी संस्थाको आर्थिक अवस्था सहकारी संस्थाको स्वामित्वका सम्पत्तिहरू र अल्पकालीन एवम् दीर्घकालीन दायित्वहरूको विषयमा ज्ञान हुने हुँदा यसको तयारीमा दक्षता हुनु आवश्यक रहेको उल्लेख गर्नु भयो। संस्थाको आर्थिक प्रतिवेदनहरू सहकारी संस्थाको मजबुती र अन्य अवस्थाका प्रतिबिम्ब भएकाले ती प्रतिवेदनहरूमध्ये वासलात अझ महत्त्वपूर्ण आर्थिक प्रतिवेदन रहेको भन्दै हरेक सहकारी संस्थाको लेखाको उचित र विश्वासनिय आर्थिक प्रतिवेदनहरूले सहकारीका सदस्यहरूको संस्था प्रतिको विश्वासलाई मजबुत बनाउने कुरामा जोड दिनु भयो। सहकारी संस्थामा पछिल्लो समय देखा परेका विचलनका विच बैंकले महत्वपुर्ण तालिम गरेको भन्दै परिणाममुखी हुनेमा आफु विश्वस्त रहेको बताउनु भयो। बैंकको भुरिगाउँ शाखाका प्रमुख किरण खत्रिले सञ्चालन गर्नु भएको तालिमको राष्ट्रिय सहकारी बैंक लिमिटेड तालिम विभागका अधिकृत बल्लभ तिमल्सिनाले सहकारीको सम्पत्ति र दायित्व व्यवस्थापनको विषयमा सहजिकरण गरीराख्नु भएको छ। ठाकुरवावा नगरपालिका र मधुवन नगरपालिका भित्र सञ्चालनमा रहेका सहकारीका प्रतिनिधिहरु सहभागि रहेको कार्यक्रममा जिल्ला सहकारी संघका अध्यक्ष नवराज ढुगांना, जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष नवराज न्यौपाने, रेडियो टाईगरका संवाददाता अन्जना चौधरीको लगायतको उपस्थित रहेको थियो। कार्यक्रम सोमबार सम्म सञ्चालन हुने छ।

# वीरगञ्जका तीन सहकारी संस्था सहकारी बैंकको स्तरीकरण कार्यक्रममा आबद्ध

ललितपुर । पर्साको वीरगन्जमा रहेका तीन सहकारी संस्थाहरु राष्ट्रिय सहकारी बैंकले सञ्चालन गरेको सहकारी क्षेत्रको गुणात्मक सुधारका लागि सहकारी स्तरीकरण कार्यक्रम अन्तर्गत "केय" मा आबद्ध भएका छन् ।

फाल्गुण ५ गते बैंकको तर्फबाट स्तरीकरण तथा जोखिम व्यवस्थापन विभागका अधिकृत सूर्य प्रसाद रिमाल र संस्थाका प्रतिनिधि बिच स्तरीकरण कार्यक्रम केयरमा आबद्ध भएको सम्झौता पत्रमा हस्ताक्षर गरेका थिए । आबद्ध हुने संस्थाहरुमा जनसंरक्षण बचत तथा ऋण सहकारी संस्था लिमिटेड, श्रीनिधि बचत तथा ऋण सहकारी संस्था लिमिटेड र ओम शिव शक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड रहेका छन् । सहकारी संस्थाको सञ्चालनलाई थप व्यवस्थित एवं प्रभावकारी बनाई, गुणस्तरीय सुनिश्चितता कायम गरी सहकारी संस्था एवम् अभियानको उच्च छवि निर्माण गर्ने उद्देश्यका साथ बैंकले सुरु गरेको स्तरीकरण कार्यक्रम अन्तर्गत केयर कार्यक्रमले सहकारी संस्थाको स्तर पहिचान, स्तर मापन एवम् स्तरोन्नतिका लागि विभिन्न कार्य गर्ने बैंकले जनाएको छ । सहकारी संस्थाको प्रकृति अनुसार बचत तथा ऋण सहकारी र बचत तथा ऋण बाहेकका सहकारी संस्थाहरूका लागि छुट्टाछुट्टै सूचकाङ्कहरू विकास गरिएको र सूचकाङ्कहरूको आधारमा संस्थाको स्तर मापन गरी सोही मापनको परिणामका आधारमा संस्थाको स्तरोन्नतिमा आवश्यक प्राविधिक सहयोग गर्ने बैंकका सञ्चालक एवम् मधेस प्रदेशका संयोजक विश्वनाथ मण्डलले बताउनु भयो । सम्झौता कार्यक्रममा बैंकको वीरगन्ज शाखाका प्रमुख सञ्जय कुमार महतो, जनसंरक्षण बचत तथा ऋण सहकारी संस्था लिमिटेड, श्रीनिधि बचत तथा ऋण सहकारी संस्था लिमिटेड र ओम शिव शक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेडका प्रमुख कार्यकारी अधिकृतहरू क्रमशः नरेश कुमार चौरसिया, चण्डेश्वर प्रसाद चौरासिया र अरुण कुमार साह लगायतको सहभागिता रहेको थियो ।

# सहकारी बैंकको प्राविधिक सहयोगमा आईडिएल सहकारीका कर्मचारीहरूको दक्षता अभिवृद्धि

ललितपुर । सप्तरीको राजविराजमा रहेको आईडियल सहकारी सहकारी संस्थाको आयोजना तथा राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राविधिक सहयोगमा संस्थाका कर्मचारीहरूको दक्षता अभिवृद्धि तालिम फाल्गुण ९ गते सम्पन्न भएको छ । संस्थाका अध्यक्ष गणेश आसको अध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका सञ्चालक एवम् मधेस प्रदेशका संयोजक विश्वनाथ मण्डलको प्रमुख आतिथ्यता रहेको थियो । सहकारी संस्थामा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धि गरी संस्थाको साख र गरीमा वृद्धिमा कर्मचारीहरूलाई सरिक बनाई छिटो छरितो, गुणस्तरीय र प्रविधियुक्त सेवा सञ्चालनका लागि कर्मचारीहरूलाई दक्ष बनाउने उद्देश्यले आयोजना गरिएको तालिम कार्यक्रममा संस्थाका २२ जना कर्मचारीहरूको सहभागिता रहेको थियो । तालिम कार्यक्रमको सहजिकरण बैंकका अधिकृत सूर्यप्रसाद रिमालले गर्नु भएको थियो ।

# बर्दियामा सञ्चालित कर्जा तथा जोखिम व्यवस्थापन तालिम समापन

ललितपुर । राष्ट्रिय सहकारी बैक लिमिटेड भुरीगाउँ शाखाको आयोजना तथा गुलरिया सहकारी सञ्जालको समन्वयमा मङ्गलवार देखि सञ्चालन भएको कर्जा तथा जोखिम व्यवस्थापन तालिम फाल्गुण १० गते सम्पन्न भएको छ ।

संस्थाका ऋण उपसमिति, व्यवस्थापक, तथा कर्जाको काम गर्ने कर्मचारीहरूलाई लक्षित गरी आयोजना गरिएको तालिममा कर्जाको महत्व, कर्जाको उपयोगिता, व्यवस्थापन, जोखिम व्यवस्थापन, कर्जा विश्लेषण, लघु कर्जा र धितो सुरक्षणका लागि लिइने कागजात, लगानी, असुली तथा निष्क्रिय कर्जा व्यवस्थापन लगायतका विषयमा जानकारी दिने उद्देश्यले तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ । तालिम समापन समारोहमा बोल्दै बैंकका सञ्चालक एवम् कार्यक्रमको प्रमुख अतिथि विजया धितालले वित्तीय कारोबार गर्ने सहकारी संघ

संस्थाहरुमा कर्जा कारोबारको व्यवस्थापन अति महत्त्वपूर्ण हुने भएकाले सदस्य संस्थालाई थप व्यवस्थित र प्रभावकारी बनाउन तालिम सहयोगी हुने बताउनु भयो। बैंकले सदस्य सहकारी संघ संस्थाहरुको लागि बैङ्किङ काराबारसँगै, सदस्यको हित, स्तरोउन्नतीको लागी तालिम, शिक्षा तथा स्तरीकरण कार्यक्रमको माध्यमबाट दिगो सहकारी बनाउन विविध क्रियाकलापहरू सञ्चालन गर्दै आएको उल्लेख गर्नुभयो । गुलरिया सहकारी सञ्जालका संयोजक इन्दिरा सुवेदीको अध्यक्षतामा भएको समापन समारोहमा जिल्ला सहकारी संघ बर्दियाका उपाध्यक्ष नेत्र प्रसाद सापकोटा, गुलरिया सहकारी सञ्जालका सचिव निम थापा लगायतको आतिथ्यता रहेको थियो। तालिमलाई राष्ट्रिय सहकारी बैंकको तालिम विभागका अधिकृत बल्लभ तिमल्सिनाले कर्जाको अर्थ, महत्त्व र व्यवस्थापन कर्जामा निहित जोखिम तथा मुल्याकंन विश्लेषणबारे, लघु कर्जा व्यवस्थापनबारे कर्जामा आवश्यक सुशासनबारे, कर्जा विश्लेषण र कर्जा लगानीमा ध्यान दिनुपर्ने कुराहरू कर्जा असुली तथा अनुगमनबारे सहभागीहरूको जिज्ञासाहरू समेटदै सहभागिता मूलक तालिम दिनुभएको थियो । तालिममा बर्दियाको गुलरिया, बार बर्दिया तथा मधु वन नगरपालिका भित्र सञ्चालनमा रहेका बैकका २५ वटा सदस्य सहकारी संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । तालिम समापन समारोहको सञ्चालन बैकको भुरीगाउँ शाखाका प्रमुख किरण खत्रीले गर्नु भएको थियो ।

## सहकारी बैंकद्वारा सहकारी संस्थाका कर्मचारीहरूको क्षमता अभिवृद्धि तालिम सञ्चालन

ललितपुर । राष्ट्रिय सहकारी बैक लिमिटेड उर्लाबारी शाखाद्वारा आयोजित दुई दिवसीय सहकारी संस्थामा कार्यरत कर्मचारीहरू (बजार प्रतिनिधि) को क्षमता अभिवृद्धि तालिम फाल्गुण १० गते सम्पन्न भएको छ।

फाल्गुण ९ र १० गते सञ्चालन भएको तालिममा सहकारी संस्थामा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धि गरी संस्थाको साख र गरीमा वृद्धिमा कर्मचारीहरूलाई सरिक बनाई छिटो छरितो, गुणस्तरीय र प्रविधियुक्त सेवा सञ्चालनका लागि कर्मचारीहरूलाई दक्ष बनाउने उद्देश्यले आयोजना गरिएको बैंकले जनाएको छ। तालिम कार्यक्रममा त्यस क्षेत्रका ४८ वटा सहकारी संस्थाका ६० जना कर्मचारीहरूको सहभागिता रहेको थियो । तालिम कार्यक्रमको सहजिकरण बैंकको तालिम विभागका सहायक अधिकृत राजकुमार बरालले गर्नु भएको थियो। कार्यक्रमको उद्घाटन बैंकको उर्लाबारी शाखा समन्वय उपसमितिका संयोजक देवेन्द्र पौडेलले गर्नुभएको थियो। सो अवसरमा बोल्दै उहाँले सहकारीका बजार प्रतिनिधिहरूले सहकारीको ख्याति वृद्धि गर्नुपर्ने र उनीहरूको क्षमता विकासका लागि तालिम तथा शिक्षाका कार्यक्रमहरू सहकारी संस्थाहरुले वार्षिक रूपमा व्यवस्था गर्नु पर्ने बताउनु भयो।

कार्यक्रम समापनको सञ्चालन बैंकको उर्लाबारी शाखाका प्रमुख विनोद चुडालले गर्नु भएको थियो। कार्यक्रम सम्पन्न पश्चात् सहभागीहरूले यस तालिमले आफूमा उच्च मनोबलका साथ संस्थामा दैनिक कार्य सम्पादन गर्न सहज भएको बताएका छन् । पछिल्लो समय सहकारीमा एकपछि अर्को चुनौती र समस्याहरू बढ्दै गएकोले सदस्यहरूलाई सहकारीबारे बुझाउन पनि तालिमले सहयोग पुगेको उल्लेख गरेका छन्।

## व्यक्तिगत बचतको सिमा हटाउन माग

काठमाडौं । बागलुङका सहकारीकर्मीहकरुले सहकारीमा व्यक्तिगत बचतको सिमा २५ लाख रुपैया राख्ने प्रस्ताव खारेजी लगायत १५ बुदे घोषणापत्र जारी गरेका छन् ।

फाल्गुन २० गते बहुउद्देश्यीय सहकारी संघ लिमिटेड बागलुङको आयोजना तथा राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राविधिक सहयोगमा शनिवार सम्पन्न सबल सहकारी निर्माणमा सञ्चालकको भूमिका विषयक सहकारी गोष्ठी सहभागीहरुले १५ बुदे घोषणापत्र जारी गरेका हुन्। सहभागीहरुको तर्फबाट १५ बुँदे घोषणा पत्र सार्वजनिक गर्दै राष्ट्रिय सहकारी बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक राम बहादुर जिसीले सहकारीमा आन्तरिक कारणले आएका समस्या आफै समाधान गर्न तथा अन्य क्षेत्रका कारण आएका समस्या समाधानका लागि सरोकारवालाहरुसंग सहकार्य गर्दै अगाडि बढ्नु पर्नेमा जोड दिनु भएको थियो।

घोषणापत्रमा सहकारी संस्थाको दिगो विकासका लागि सञ्चालक समिति, लेखासुपरिवेक्षण समिति तथा उप-समितिहरुले आफ्नो भूमिका सकृयताका साथ निर्वाह गर्ने, हालको परिस्थितिमा तरलता व्यवस्थापन अत्यन्त महत्वपूर्ण रहेको हुनाले आफना सहकारी संस्थामा कम्तीमा १५ प्रतिशत तरलता कायम राख्ने तथा तरलता संकट व्यवस्थापनका लागि कोषको व्यवस्था गर्न राज्यसंग माग गरिएको छ ।

सहकारी अभियानको छवि (साख) उच्च बनाउन, सहकारी क्षेत्रप्रति विश्वासको वातावरण बनाउन सरकार र अभियानका तर्फबाट तत्काल पहल गर्न माग गर्ने, केही नेपाल ऐनलाई संशोधन गर्न प्रस्तावित विधेयक २०७९ मा प्रस्तावित व्यक्तिगत वचतको सिमा २५ लाख राख्ने प्रावधान खारेज गर्न माग गरिएको छ । यस्तै अनुगमन प्रभावकारीताका लागि नियामक निकायहरु सगँ सहकार्य गर्दै सहकारी क्षेत्रको अनुगमन नियमनका लागि दोस्रो तहको नियामक निकाय (क्भअयलम त्च्भ क्ष्लकतष्तगतष्यल क्त्क्ष) गठन गर्न माग गर्ने, सहकारी संघ संस्थाको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुका साथै प्रभावकारी अनुगमन निमयनका लागि सरोकारवाला निकायसंग समन्वय गर्ने, सहकारी संस्थामा सुशासन कायम राख्न ऐन कानुनको पुर्ण परिपालना गर्ने, सन्दर्भ ब्याजदर तत्काल खारेज गरी ब्याजदर स्वतन्त्र रुपमा बजारलाई निर्धारण गर्न दिइनु पर्ने माग सहकारीकर्मीहरुले गरेका छन् ।

घोषणापत्रमा कर्जा सूचना केन्द्र, कर्जा असुली न्यायाधिकरण तत्काल स्थापना गर्नु पर्ने, ऋण नतिर्न उर्दी जारी गर्ने समुह तथा व्यक्तिलाई सामाजिक बहिष्कार गर्ने, सुरक्षित कार्यालय व्यवस्थापन, सुरक्षित ऋण लगानी, सदस्य, समुदाय र सरकारसँग सुमधुर र समन्वयकारी सम्बन्ध कायम राख्ने, सहकारीका नकरात्मक विषयले प्राथमिकता पाइरहेको वर्तमान समयमा सहकारीमार्फत भएका सकारात्मक लेख रचना प्रकाशन गर्ने, सहकारी संस्थाका सञ्चालक र कर्मचारीसंग रहेको ऋण तत्काल असुल गर्ने र संकटको अवस्थामा सहकारीहरुबीच समन्वय र सहकार्य गर्दै समस्या समाधानका लागि ऐक्यवद्धता जाहेर गर्ने उल्लेख गरिएको छ । सहकारीकर्मीहरुले १५ बुदे घोषणा पत्र पारित गर्दै कार्यान्वयनका लागि सबैलाई आग्रह गरेको जिल्ला बहुउद्देश्यीय सहकारी संघ बागलुङका अध्यक्ष दुर्गा बहादुर कुँवरले जानकारी दिनुभयो ।

जिल्लामा क्रियाशिल ८५ वटा सहकारी संघ संस्थाका प्रमुख अतिथि प्रतिनिधिहरु सहित सहकारी अभियानका अगुवाहरुको सहभागितामा सम्पन्न गोष्ठीको उद्घाटन गण्डकी प्रदेशसभाका उपसभामुख बिना कुमारी थापाले गर्नु भएको थियो ।

# सहकारी संस्थाका नेतृत्वको दक्षता अभिवृद्धि तालिम सम्पन्न

ललितपुर । सप्तरी जिल्लाको फत्तेपुरमा रहेको त्रियुगा बहुमुखी सहकारी संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, उपसमितिहरू, कर्मचारीहरू तथा केही सदस्यहरूको लागि आयोजना गरेको “नेतृत्वको दक्षता अभिवृद्धि” तालिम फाल्गुण २१ गते सम्पन्न भएको छ। राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राविधिक सहयोगमा फाल्गुण २७ र २८ (दुई दिन) गते सञ्चालित तालिममा संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उपसमितिहरू, कर्मचारीहरू तथा केही सदस्यहरू सहित २३ जनाको सहभागिता रहेको थियो । तालिममा सहकारीको सिद्धान्त, मूल्य मान्यता, सहकारीको महत्त्व, सहकारीको बिकासक्रम, सञ्चालक समितिको काम कर्तव्य तथा जिम्मेवारी, सञ्चालक समितिहरूको आवश्यक ज्ञान तथा सिप, संस्थामा आवश्यक नीति तथा कार्यविधिहरू, सहकारीको कानुनी परिवेश, सहकारी ऐन नियमावली तथा सम्पत्ति शुद्धीकरण सम्बन्धी व्यवस्थाको परिपालन, नेतृत्वको स्वमूल्याङ्कन लगायतका विषयमा राष्ट्रिय सहकारी बैंकका अधिकृत सूर्यप्रसाद रिमालले सहजीकरण गर्नु भएको थियो ।

धनकुटाको भेडे टारमा सञ्चालित तालिममा संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, ऋण उपसमिति लगायत अन्य उपसमितिहरू र व्यवस्थापनको तर्फबाट १६ बुँदे प्रतिबद्धता समेत जाहेर गरेको संस्थाका अध्यक्ष चन्द्रशेखर चौधरीले बताउनु भयो ।

# सहकारी बैंक र ललितपुर महानगरपालिकाको समन्वयमा क्षमता अभिवृद्धि तालिम सञ्चालन

ललितपुर। ललितपुर महानगरपालिकाको आयोजना तथा राष्ट्रिय सहकारी बैंक लिमिटेडको संयोजनमा महानगरपालिका भित्रको सहकारी संस्थाका सञ्चालकहरूको लागि आयोजित तीन दिवसीय "क्षमता अभिवृद्धि तालिम" फाल्गुण २१ र २२ गते सञ्चालन भएको छ।

सहकारीका सञ्चालकहरूलाई सहकारी व्यवस्थापन, वित्तीय सुशासन, सहकारी सञ्चालनका लागि सञ्चालक र लेखा तथा सुपरिवेक्षण समितिको भूमिका लगायतका विषयमा जानकारी गराउने उद्देश्यका साथ तालिमको आयोजना गरेको महानगरपालिकाले जनाएको छ।

कार्यक्रमको उद्घाटन बैंकका सञ्चालक रामहरि बजगाईंले गर्नुभएको थियो । सो अवसरमा बोल्दै उहाँले सहकारीलाई वित्तीय रूपमा सक्षम र सुशासनका हिसाबले प्रभावकारी रूपमा सञ्चालनका लागि सहकारी सचेतना आवश्यक रहेको बताउनु भयो। सहकारी संस्थाहरुमा सुशासनको पाटो कमजोर रहेकोले पछिल्लो समयमा सहकारीमा समस्या आउनुको मुख्य कारण नै सहकारी संस्थाहरु अनुशासन र आफ्ना सूचकाङ्कमा ध्यान नदिँदा समस्या निम्तिएको भन्दै संस्थालाई सही ढङ्गबाट सञ्चालन गर्दा समस्या नआउने उल्लेख गर्नुभयो । महानगरपालिका क्षेत्रमा रहेका सहकारी संघ संस्थाहरुलाई लक्षित गरी सुरु गरिएको तालिममा विभिन्न सहकारी संघ संस्थाबाट सहकारीकर्मीहरुको सहभागिता रहेको छ।

तालिमलाई राष्ट्रिय सहकारी बैंकका तालिम अधिकृत बल्लभ तिमल्सिना र सहायक अधिकृत राज कुमार बरालले सहकारी सञ्चालनको प्रक्रिया, सहकारीका लागि कानुनी परिवेश र सञ्चालकहरूको दायित्व, सहकारीमा नीतिगत व्यवस्था, पर्ल्स, सहकारीको योजना, संस्थामा सञ्चालकको जिम्मेवारी लगायतका विषयमा सहजीकरण गर्नु भएका थियो। कार्यक्रम बैंकका सञ्चालक रामहरि बजगाईंको अध्यक्षता र लगनखेल शाखाका प्रमुख रमा घिमिरेको सञ्चालनमा भएको थियो।

# काठमाडौं महानगरपालिका र सहकारी बैंकको सहकार्यमा सञ्चालित कर्जा व्यवस्थापन तालिम सम्पन्न

ललितपुर । काठमाडौं महानगरपालिका र राष्ट्रिय सहकारी बैंकको सहकार्यमा फाल्गुण २८ र २९ (दुई दिन) गते सञ्चालन भएको कर्जा तथा जोखिम व्यवस्थापन तालिम फाल्गुण २९ गते सम्पन्न भएको छ।

संस्थाका ऋण उपसमिति, व्यवस्थापक, तथा कर्जाको काम गर्ने कर्मचारीहरूलाई लक्षित गरी आयोजना गरिएको तालिममा कर्जाको महत्व, कर्जाको उपयोगिता, व्यवस्थापन, जोखिम व्यवस्थापन, कर्जा विश्लेषण, लघु कर्जा र धितो सुरक्षणका लागि लिइने कागजात, लगानी, असुली तथा निष्क्रिय कर्जा व्यवस्थापन लगायतका विषयमा जानकारी दिने उद्देश्यले महानगरपालिको समन्वयमा तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ। तालिमलाई सहकारी प्रशिक्षक कुवेर निरौलाले कर्जाको अर्थ, महत्व र व्यवस्थापन कर्जामा निहित जोखिम तथा मुल्याकंन विश्लेषणबारे, लघु कर्जा व्यवस्थापनबारे कर्जामा आवश्यक सुशासनबारे, कर्जा विश्लेषण र कर्जा लगानीमा ध्यान दिनुपर्ने कुराहरू कर्जा असुली तथा अनुगमनबारे सहभागीहरूको जिज्ञासाहरू समेट्दै सहभागिता मूलक तालिम दिनुभएको थियो । तालिममा महानगरपालिका भित्र सञ्चालनमा रहेका सहकारी संस्थाका ४० जना सहकारीकर्मीहरूको सहभागिता रहेको थियो । तालिममा सहभागीहरूलाई महानगरपालिको सहकारी विभागकी उप-निर्देशक विमला कोइरालाले प्रमाण पत्र वितरण गर्नुभएको थियो । तालिम समापन समारोहको सञ्चालन बैंकको बानेश्वर शाखाका प्रमुख विष्णु गिरीले गर्नु भएको थियो ।

# सहकारी बैंक र ललितपुर महानगरको समन्वयमा सञ्चालित क्षमता अभिवृद्धि तालिम सम्पन्न

ललितपुर । ललितपुर महानगरपालिकाको आयोजना तथा राष्ट्रिय सहकारी बैंक लिमिटेडको संयोजनमा महानगरपालिका भित्रको सहकारी संस्थाका सञ्चालकहरूको लागि आयोजित तीन दिवसीय "क्षमता अभिवृद्धि तालिम" फाल्गुण ३० गते सम्पन्न भएको छ।

सहकारीका सञ्चालकहरूलाई सहकारी व्यवस्थापन, वित्तीय सुशासन, सहकारी सञ्चालनका लागि सञ्चालक र लेखा तथा सुपरिवेक्षण समितिको भूमिका लगायतका विषयमा जानकारी गराउने उद्देश्यका साथ तालिमको आयोजना महानगरपालिकाले जनाएको छ । कार्यक्रमको समापन ललितपुर महानगरपालिकाको सहकारी शाखाका प्रमुख देव प्रसाद गुरागाईंले गर्नु भएको थियो । सो अवसरमा बोल्दै उहाँले महानगरपालिका र सहकारी बैंकको समन्वयमा सहकारी संस्थाहरुको विकास र प्रवर्द्धन गर्न सकिने बताउनु भयो। उहाँले जुनसुकै प्रकृतिका सहकारी पनि सहकारी सिद्धान्त तथा मूल्य मान्यताका आधारमा सञ्चालन हुनुपर्ने उल्लेख गर्नुभयो।

बैंकका नायब महाप्रबन्धक राजेश श्रेष्ठले सहकारी संस्थाका सदस्यहरूको सामाजिक, आर्थिक तथा सांस्कृतिक विकासको साथै आर्थिक समृद्धि सहकारीको भूमिका महत्वपूर्ण रहेको बताउनु भयो । महानगरपालिका क्षेत्रमा रहेका सहकारी संघ संस्थाहरुलाई लक्षित गरी सञ्चालन गरिएको तालिममा विभिन्न सहकारी संघ संस्थाबाट सहकारीकर्मीहरुको सहभागिता रहेको छ।

तालिमलाई राष्ट्रिय सहकारी बैंकका तालिम अधिकृत बल्लभ तिमल्सिना र सहायक अधिकृत राज कुमार बरालले सहकारी सञ्चालनको प्रक्रिया, सहकारीका लागि कानुनी परिवेश र सञ्चालकहरूको दायित्व, सहकारीमा नीतिगत व्यवस्था, पर्ल्स, सहकारीको योजना, संस्थामा सञ्चालकको जिम्मेवारी लगायतका विषयमा सहजीकरण गर्नु भएको थियो । बैंकको लगनखेल शाखाका प्रमुख रमा घिमिरेले सञ्चालन गर्नु भएको तालिममा सहभागीहरूलाई बैंकका नायब महाप्रबन्धक राजेश श्रेष्ठ र महानगरपालिकाको सहकारी शाखाका प्रमुख देव प्रसाद गुरागाईंले प्रमाण पत्र वितरण गर्नु भएको थियो।

## राष्ट्रिय सहकारी बैंकका सञ्चालकहरुको जिम्मेवारी तोकियो .................

बैंकको स्विकृत विनियममा भएको व्यवस्थाका आधारमा बैंकको काम कारबाहीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न, बैंकको तोकिएका उद्देश्य प्राप्त गर्न, बैंकको व्यवसाय विस्तार, सदस्य सहकारी संस्थाको विकास तथा प्रवर्द्धनमा सहयोग गर्न उप-समिति गर्ने व्यवस्था गरिएको अध्यक्ष उप्रेतीले जानकारी दिनुभयो ।

सञ्चालक समितिले सूचना, सञ्चार, प्रकाशन तथा प्रविधि उप-समितिको संयोजकमा राम बहादुर जिसी, सम्पत्ती शुद्धिकरण अनुगमन उप-समितिको संयोजकमा अमृता सुब्बा, कर्मचारी सेवा सुविधा उप-समितिको संयोजकमा पार्वती थापा, नीति निर्माण कार्यक्रम उप-समितिको संयोजकमा केदार मानन्धरलाई चयन गरेको छ । यस्तै लघुवित्त तथा उद्यम उप-समितिको संयोजकमा महेन्द्र कुमार गिरी, शिक्षा, तालिम तथा सम्मान उप-समितिको संयोजकमा माधवलाल देवकोटा, घरेलु तथा साना उद्योग विकास उपसमितिको संयोजकमा शिवा थापा, लैगिंक समानता उपसमितिको संयोजकमा तारा गुरुङ, व्यवसाय प्रवर्द्धन, एकीकरण तथा स्तरीकरण उपसमितिको संयोजकमा मनोज कुमार थापा र जोखिम व्यवस्थापन उपसमिति संयोजकमा ध्रुवराज विष्टलाई चयन गरिएको छ । सात वटा प्रदेशका तर्फबाट निर्वाचित सञ्चालकहरुलाई प्रदेश प्रतिनिधि (संयोजक) को जिम्मेवारी दिइएको छ । प्रदेश संयोजकहरुमा प्रदेश नं १ मा महेन्द्र कुमार गिरी, मधेश प्रदेशमा विश्वनाथ मण्डल, बाग्मती प्रदेशमा रामहरि बजगाई, गण्डकी प्रदेशमा राम बहादुर जिसी, लुम्बिनी प्रदेशमा विजया धिताल, कर्णाली प्रदेशमा काली बहादुर महतारा तथा सुदुरपश्चिम प्रदेशमा शिवा थापा रहनु भएको छ । केन्द्रीय उपसमितिका सदस्यहरु तथा प्रदेश स्तरीय उप-समिति र शाखा स्तरीय उप-समितिका संयोजक तथा सदस्यहरु बैंकका सञ्चालक तथा सदस्य संघ संस्थाका

प्रतिनिधिहरुलाई चयन गरिने बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले जानकारी दिनुभयो। बैंकको गत पुस १८ गते सम्पन्न १९ औं वार्षिक साधारणसभाबाट के.बी.उप्रेतीको अध्यक्षतामा १५ सदस्यीय सञ्चालक समिति र लक्ष्मी प्रसाद उप्रेतीको संयोजकत्वमा ३ सदस्यीय लेखा सुपरीवेक्षण समिति चयन भएको थियो।

